का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० भदौ २०८३
मंगलबार
15 September 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक
ई-पेपर हेर्न

वर्ष २४, अंक २३६। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सिंहदरबारमा बेनको दबदबा

## प्रधानमन्त्रीका सल्लाहकारको भूमिका र गतिविधिबारे रास्वपाको मौनता

- साउथ ब्लकसँग गुपचुप भेट
- सम्पत्ति शुद्धीकरणलाई दबाब
- अख्तियार पदाधिकारीलाई केरकार
- मन्त्रालयहरूमा हावी
- नियुक्तिमा परिवारवाद
- आफैं छड्के अनुगमनमा



कुनै सांसदले व्यक्तिगत रूपमा उठाएको कुरालाई लिएर यो नै हो भन्ने अवस्था रहेन। यो विषयमा अन्त के भएको छ थाहा भएन, पार्टीमा कुनै औपचारिक छलफल भएको छैन।

● **जगदीश खरेल**
**प्रवक्ता, रास्वपा**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ भदौ

प्रतिनिधिसभाको गत बिहीबारको बैठकमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डा. अमरेशकुमार सिंहले सरकारमाथि दर्जनौं प्रश्न उठाए। उनका प्रश्नको केन्द्रमा प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार बेन (व्यञ्जनकार) थिए। सिंहले उनको भूमिका र गतिविधिबारे सरकारसँग जवाफ मागेका थिए।

सिंहको सबैभन्दा चर्को आरोप प्रधानमन्त्रीको सचिवालयले सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक निर्मल ढकाललाई बोलाएर कन्चटमा पेस्तोल तेर्स्याएर पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणाविरुद्ध दुई घण्टाभित्र रेड कर्नर नोटिस जारी गर्न दबाब दिएको भन्ने थियो। जेनजी आन्दोलनका क्रममा घाइते भएका देउवा दम्पती त्यतिबेला सिंगापुरमा उपचाररत थिए।

बेन भारतीय 'जासुसी संस्था'लाई भेट्न गोप्य रूपमा दिल्ली गएको विषयमा पनि सिंहले प्रश्न उठाए। 'एउटा जासुसी संस्थालाई भेट्न प्रधानमन्त्रीका सल्लाहकार जान्छन्। त्यहाँ दिल्लीको पृष्ठ २ मा

सत्तारूढ दलकै सांसदले प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेनमाथि गम्भीर आरोप लगाएपछि उनको भूमिका र गतिविधिमाथि प्रश्न उठेको छ। गोप्य दिल्ली यात्रा, सरकारी निकायमा हस्तक्षेपदेखि परिवारवादसम्मका आरोपले विवाद चुलिएको छ। तर, सरकार र रास्वपा भने आरोपबारे औपचारिक रूपमा मौन छन्। पार्टीले कुनै छलफल नभएको जनाएको छ।

# ओली हटाउने प्रस्तावमा मिलेन कुरा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ




नेकपा एमालेमा निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले तयार गरेको प्रतिवेदनमाथिको छलफल निष्कर्षविहीन टुंगिएको छ। प्रतिवेदनलाई अन्तिम रूप दिन काभ्रेको पनौती-११, बल्थलीस्थित एक होटलमा आइतबारदेखि आवासिय बैठक राखिएको थियो। बैठकमा महासचिव शंकर पोखरेलबाट प्रस्तुत पार्टी पुनर्गठनको प्रतिवेदनका पक्षमा बहुमत देखिए पनि सर्वसम्मत हुन सकेन। कार्यदलका संयोजक रामबहादुर थापा बादलले पेस गरेको संशोधन प्रस्तावले विवाद गहिरिएपछि साझा प्रतिवेदन बनाउने जिम्मा तीन नेतालाई दिएर बैठक टुंगिएको छ।

उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले नै देशव्यापी रूपमा उत्पन्न भएको संकट र पार्टी पुनर्जीवनको वकालत गरिरहँदा प्रतिवेदन पारित गर्ने नाममा अर्को संकट र फरक-फरक विषयको पैरवी गर्नुपर्ने परिस्थिति प्रिय नहुने भनेका थिए। ओली पक्षबाट प्राप्त भएको ४५ पृष्ठको संशोधित प्रतिवेदनका विषयलाई पनि मुख्य प्रतिवेदनकै अंग बनाएर सचिवालय र केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गर्ने भनिएको नेताहरूले बताएका छन्। प्रतिवेदनमाथि पृष्ठ २ मा



*काठमाडौंको पशुपतिनाथ मन्दिरमा सोमबार हिन्दू महिलाहरूको महान् पर्व हरितालिका तिजका दिन पूजार्चना तथा दर्शन गर्न आएका भक्तजन दीप प्रज्वलन तथा धूप दिँदै। तस्बिर : हरिराम भेटुवाल/रासस*

**सम्पत्ति शुद्धीकरणका प्रमुख जोखिम पहिचान**

# हुन्डी र क्रिप्टोकरेन्सीले बढायो चुनौती



नेपालमा क्रिप्टोकरेन्सी र हुन्डीको कारोबार पूर्ण रूपमा अवैध छ। नेपालमा कुनै पनि प्रकारका क्रिप्टोकरेन्सीको कारोबार र प्रयोग गर्न निषेध छ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ भदौ

नेपालको सन्दर्भमा सम्पत्ति शुद्धीकरणका प्रमुख जोखिम पहिचान गरिएको छ। सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले आइतबार 'नेपाल्स नेसनल रिस्क एसेसमेन्ट अन मनी लाउन्ड्रिङ, टेरोरिस्ट/प्रोलिफरेसन फाइनान्सिङ २०२६' सार्वजनिक गरेको छ। जसले भ्रष्टाचार, करछली, सहकारी ठगी, साइबर ठगी, हुन्डी, भर्चुअल मुद्रा र कम्पनीको दुरुपयोगलाई सम्पत्ति शुद्धीकरणका प्रमुख जोखिमका रूपमा पहिचान गरेको हो। प्रतिवेदनले हुन्डी र क्रिप्टोकरेन्सीले चुनौती बढाएको उल्लेख छ।

नेपालमा क्रिप्टोकरेन्सी र हुन्डीको कारोबार पूर्ण रूपमा अवैध छ। विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार नेपालमा कुनै पनि प्रकारका क्रिप्टोकरेन्सीको कारोबार, प्रयोग वा माइनिङ गर्न निषेध गरेको छ।

हुन्डी कारोबार पनि औपचारिक बैंकिङ प्रणालीबाहेकको अवैध हुनाले यसलाई आर्थिक अपराध मानिन्छ। यी कारोबारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी जेल चलान गर्ने र जरिवाना गर्ने कानुनी प्रावधान छ। तर यसको कारोबार भइराखेको अध्ययन प्रतिवेदन नै भएको हो।

प्रतिवेदनअनुसार उच्च जोखिमका अपराधहरूमा भ्रष्टाचार र घुसखोरी, करछली, भन्सार तथा राजस्व तस्करी, सहकारी ठगी, साइबर ठगी, हुन्डी, भर्चुअल मुद्रा (क्रिप्टो)को प्रयोग, कानुनी निकाय/फर्महरूको दुरुपयोग, र संगठित वित्तीय अपराध रहेको छ।

लगभग सबै प्रकारका वित्तीय अपराधका रकमहरू बैंकिङ प्रणालीमार्फत प्रवाह हुने भएकाले यस क्षेत्रको जोखिम मध्यम-उच्च कायम गरिएको छ। उच्च जोखिमयुक्त अन्य क्षेत्रहरूमा सहकारी, घरजग्गा व्यवसाय, बहुमूल्य धातु तथा पत्थर व्यवसायी, र क्यासिनो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम उच्च वा मध्यम-उच्च रहेको छ।

नेपाल्स नेसनल रिस्क एसेसमेन्ट अन मनी लाउन्ड्रिङ, टेरोरिस्ट/प्रोलिफरेसन फाइनान्सिङ २०२६ मा जोखिम मूल्यांकनसम्बन्धी छुट्टै परिच्छेद छ। जसमा सीमापार वित्तीय कारोबारहरूमा, वाणिज्य बैंकहरूले क्रियाकलापमा वित्तीय लगानी रोक्न लक्षित वित्तीय प्रतिबन्धहरूसँग सम्बन्धित ' मध्यम' जोखिम तथा हतियारको ओसारप्रसारमा हुने वित्तीय लगानीसँग सम्बन्धित विषयलाई 'मध्यम/न्यून' जोखिमको रूपमा राखिएको छ।

जोखिमको क्षेत्रअन्तर्गत सम्पत्ति पुनर्प्राप्ति, वित्तीय र आर्थिक क्षेत्रहरूभित्र र सीमापार अपराधहरूको आम्दानी उत्पन्न गर्न, सार्ने, लुकाउने र मिश्रण गर्न कानुनी साधनहरूको प्रयोगमा निहित रहेको भनिएको छ।

व्यवसाय र व्यक्तिगत वित्तीय गतिविधि प्रायः ओभरल्याप भइरहेको र पहिचान कागजात पनि नक्कली पृष्ठ २ मा

### जोखिमका विषयगत क्षेत्र

१. भ्रष्टाचार
२. करछली
३. सहकारी ठगी
४. साइबर ठगी
५. हुन्डी
६. क्रिप्टोकरेन्सी
७. कम्पनीको दुरुपयोग

### अपराध हुने उच्च जोखिमको क्षेत्र

- सहकारी
- घरजग्गा व्यवसाय
- बहुमूल्य धातु तथा पत्थर व्यवसायी
- क्यासिनो क्षेत्र
- संगठित वित्तीय अपराध
- बैंकिङ प्रणालीमार्फत प्रवाह हुने रकम

### सुधारका लागि चार सिफारिस

- वित्तीय अनुसन्धान प्रणाली सुदृढ गर्ने
- सरकारी डाटाबेसमा डिजिटल पहुँच उपलब्ध गराउने
- जफत तथा रोक्का सम्पत्तिको अभिलेख राख्ने
- जोखिममा आधारित क्षेत्रबारे विशिष्टीकृत तालिम प्रदान गर्ने

'नेपाल्स नेसनल रिस्क एसेसमेन्ट अन मनी लाउन्ड्रिङ, टेरोरिस्ट/प्रोलिफरेसन फाइनान्सिङ २०२६'ले भ्रष्टाचार, करछली, सहकारी ठगी, साइबर ठगी, हुन्डी, भर्चुअल मुद्रा र कम्पनीको दुरुपयोगलाई सम्पत्ति शुद्धीकरणका प्रमुख जोखिमका रूपमा पहिचान गरेको छ।

**वैदेशिक रोजगार विशेष**

# संघद्वारा एफडब्लुसिएमएसबारे आइएलओ कन्ट्री डाइरेक्टरको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ




नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियामा नेपाली श्रमिकको भर्नाका लागि त्यहाँको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपाली म्यानपावर कम्पनी छनोट प्रक्रियाबारे अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का कन्ट्री डाइरेक्टर नुमान ओज्कानको ध्यानाकर्षण गराएको छ। संघले सोमबार नेपालका लागि आइएलओका कन्ट्री डाइरेक्टर ओज्कानसँगको छलफल फलदायी रहेको बताएको छ। संघले मलेसियाको एफडब्लुसिएमएसद्वारा प्रस्तावित प्रणाली, विशेषगरी इजाजतपत्र प्राप्त एजेन्सीहरूका लागि सीमित पहुँच, भेदभाव पृष्ठ २ मा

## नेवाः समाजद्वारा ब्लड क्यान्सरपीडित नाबालकको उपचारका लागि आर्थिक सहयोग



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी नेवाः समाजले ब्लड क्यान्सरबाट पीडित नाबालक नवाङ तामाङको उपचारका लागि आर्थिक सहयोग गरेको छ। भैरव इन्टरनेसनल पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०८३ मंगलबार
15 September 2026 Tuesday

# रसुवा बाढीका ३४१ बिरामीमध्ये २७८ घर फर्किए

**काठमाडौं/मस**–रसुवामा आएको आकस्मिक बाढीबाट प्रभावित भई विभिन्न १९ वटा स्वास्थ्य संस्थामा भर्ना भएका ३४१ बिरामीमध्ये २७८ जना उपचारपछि निको भई घर फर्किएका छन् ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइले सोमबार जारी गरेको प्रतिवेदनअनुसार घाइते तथा बिरामी परेकामध्ये हाल २७ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ भने उपचारका क्रममा चार जनाको मृत्यु भएको छ ।

त्यसैगरी बाढीप्रभावित क्षेत्रमा महामारी फैलन नदिन स्वास्थ्य मन्त्रालयले हैजा विरुद्धको खोप अभियानलाई तीव्रता दिएको छ । नुवाकोटमा लक्षित जनसंख्या ७१ हजार ६३५ मध्ये २८ हजार ९९ जना अर्थात् ३९.२२ प्रतिशतले खोप लगाएका छन् । रसुवामा लक्षित ३१ हजार ४७४ मध्ये नौ हजार ७३१ जना अर्थात् ३०.९१ प्रतिशतले खोप पाइसकेका छन् । पछिल्लो २४ घण्टामा एक जनामा कडा झाडापखाला पुष्टि भएको छ ।

चार जिल्लाका ३६ वटा होल्डिङ सेन्टरमा अहिले दुई हजार ८९५ जना आश्रित रहेका छन् । नुवाकोटका २३ सेन्टरमा एक हजार ७०१, काठमाडौंका ३ सेन्टरमा ५८५, धादिङका चार सेन्टरमा ३९० र रसुवामा छ सेन्टरमा २१९ जना बाढीपीडितले आश्रय लिइरहेका छन् ।

हाल बाढी प्रभावितका लागि ३४ वटा टोलीमा १४९ स्वास्थ्यकर्मी खटिएका छन् । हालसम्म सात हजार ७०७ जनाले आकस्मिक चिकित्सा टोलीमार्फत सेवा लिइसकेका छन् । सरकारले प्रभावित नागरिकलाई मानसिक परामर्शका लागि निःशुल्क हेल्पलाइन ११६६ र सुरक्षित मातृत्व परामर्शका लागि १११५ सञ्चालनमा ल्याएको छ ।



**रसुवाका १३ खानेपानी आयोजनामा २५ करोड बढीको क्षति**

भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनाशकारी बाढीका कारण रसुवाका विभिन्न स्थानमा सञ्चालित १३ वटा खानेपानी तथा सरसफाइ आयोजनामा पूर्ण तथा आंशिक रूपमा क्षति पुगेको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागका अनुसार बाढीका कारण ती १३ आयोजनामा कम्तीमा रु २५ करोड २५ लाख बराबरको क्षति भएको छ । बाढीबाट एक हजार ६२३ जना नागरिक सुरक्षित खानेपानी सुविधाबाट प्रत्यक्ष प्रभावित भएका छन् ।

विभागका महानिर्देशक कमलराज श्रेष्ठका अनुसार बाढीले विशेषगरी गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका खानेपानी आयोजनामा ठूलो क्षति पुऱ्याएको छ । अधिकांश आयोजना पूर्णरूपमा क्षतिग्रस्त भएका छन् भने केही आयोजनाका मूललाइन, शाखा पाइपलाइन तथा खानेपानीका धारासमेत बाढीले बगाएको छ ।उनका अनुसार गोसाइँकुण्ड गाउँपालिकाका वडा नं. १, २ र ५ मा रहेका खानेपानी आयोजना पूर्णरूपमा क्षति भएका छन् । ती आयोजनामा भएको क्षतिका कारण मात्रै करिब ९०० भन्दा बढी नागरिक खानेपानी सेवाबाट वञ्चित भएका छन् । त्यसैगरी उत्तरगया गाउँपालिकाका वडा नं. ३ र ४ मा सञ्चालित खानेपानी आयोजनामा बाढीले पूर्णरूपमा क्षति पुऱ्याएको विभागले जनाएको छ ।

कैदलटार, सिम्ले मुहान र बाँसथलसिमलगायतका आयोजनामा मुख्य तथा शाखा पाइपलाइन र खानेपानीका धारामा क्षति पुगेको छ । बाढीबाट क्षतिग्रस्त आयोजनाको पुनःनिर्माण तथा खानेपानी सेवा सुचारु गर्न आवश्यक प्रक्रिया अघि बढाइने महानिर्देशक श्रेष्ठले बताए ।

# उपत्यकाभर महाधिवेशन गर्ने जिम्मा महिला अधिवक्तालाई

**काठमाठौं/मस**–१५औं महाधिवेशनको अभियानमा रहेको नेपाली कांग्रेसले काठमाडौं उपत्यकाका सबै निर्वाचन क्षेत्रको अधिवेशन गराउनका लागि महिला अधिवक्ताहरुलाई जिम्मेवारी दिएको छ ।

केन्द्रीय निर्वाचन समितिले काठमाडौं, ललितपुर र भक्तपुरका सम्पूर्ण निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत तथा जिल्ला संयोजकको जिम्मेवारी शतप्रतिशत महिला कानुन व्यवसायीहरूलाई सुम्पेर समावेशिता र महिला सशक्तीकरणको उत्कृष्ट नमुना प्रस्तुत गरेको हो ।

तीन जिल्लाका लागि एक एक जना निर्वाचन संयोजक र १५ निर्वाचन क्षेत्रका लागि एक/एकजना निर्वाचन अधिकृत गरी १८ महिलालाई जिम्मेवारी दिइएको छ । नेपाली राजनीतिमा महिलाको नेतृत्वलाई अक्सर ३३ प्रतिशतको संवैधानिक कोटा र आलंकारिक भूमिकामा सीमित गरिँदै आएको छ । तर केन्द्रीय राजधानी जस्तो संवेदनशील तथा निर्णायक मानिने सबै निर्वाचन क्षेत्रको चुनावी कमान्ड महिला अधिवक्ताहरूलाई दिनु सामान्य निर्णय होइन ।



भक्तपुरमा कविता थापा कार्कीलाई जिल्ला संयोजक तोकिएको छ भने इन्दिरा न्यौपाने र सम्झना पोखरेललाइ निर्वाचन अधिकृत बनाइएको छ ।

त्यसैगरी ललितपुरको संयोजकमा लक्ष्मी थापा खड्का छिन् भने प्रमिला कायस्थ, मनिषा बस्नेत र सम्झना के.सी. निर्वाचन अधिकृत तोकिएको छ ।

१० निर्वाचन क्षेत्र रहेको काठमाडौंको निर्वाचन सयोजकमा अनिता जोशी मानन्धर र निर्वाचन अधिकृतमा मन्दिरा अधिकारी, सल्लु तिवारी, प्रकृति खड्का, तुलसा शर्मा नेपाल, झलमायाँ वि.क, पुर्णिमा गुरागाईं, सुनिता बस्नेत, मञ्जरी मल्ल, अप्सरा ढकाल र लक्ष्मी सापकोटा घिमिरेलाई खटाइएको छ । उनीहरुलाई नियुक्तिपत्रसँगै अधिवेशन सम्वन्धी कानुनी र व्यावहारिक अभिमुखीकरण दिएको नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए ।

जिम्मेवारी लिदैगर्दा महिला अधिवक्ताहरूको आत्मविश्वास र आत्मसम्मान देखिएको उनको भनाइ छ ।

यो अभ्यास जिम्मेवारीको बाँडफाँट मात्र नभएर पार्टीभित्र योग्यता, विधिको शासन र लैंगिक समानतालाई संस्थागत गर्ने क्रान्तिकारी फड्को पनि हो। यस प्रशसनीय कदमले कानुन व्यवसायी महिलाहरूमा उच्च ऊर्जा र उत्साह भरेको छ भने नागरिक समाज र महिला अधिकारकर्मीहरूले समेत यसलाई कांग्रेस रूपान्तरणको ठोस र अनुकरणीय प्रमाणका रूपमा हेरेका छन् ।

### सिंहदरबारमा...

लिला प्यालेस होटलको दोस्रो फ्लोरमा बस्छन् । देवानन्दको गाइड फिल्मजस्तै यो सरकार चलिरहेको छ। यो विषयमा सरकारले स्पष्ट पार्नुपर्छ,' उनले भने।

सिंहले सरकारको वास्तविक शक्तिकेन्द्र सिंहदरबार नभई ललितपुरको ज्वागल बनेको आरोप लगाए । ज्वागलमा बेनको घर छ । सिंहले बेनको शैक्षिक योग्यतामाथिसमेत टिप्पणी गरे। 'उहाँको सल्लाहकार हार्वर्ड, अक्सफोर्ड र क्याम्ब्रिज पढेको होइन् होला,' उनले भने, 'सरकारको केन्द्र सिंहदरबार हुन्छ भन्ने मैले बुझेको छु । तर सरकारको केन्द्र ज्वागल बनेको छ ।'

सरकारमा 'हुकुमी शासन' चलेको आरोप लगाउँदै सिंहले जवाफदेहिताविनाको अधिकार खतरनाक हुने बताए । 'उत्तरदायित्व विनाको अधिकार (अथोरिटी विदआउट एकाउन्टेबिलिटी) साह्रै डेन्जर हुन्छ,' उनले भने, 'लुकेर गएर हाम्रो देशको प्रतिष्ठा नाश गर्ने अधिकार सरकारको सल्लाहकारलाई छैन ।'

सत्तारूढ दलकै सांसदले संसदबाट गम्भीर आरोप लगाएपछि जेनजी मुभमेन्ट नेपालले शुक्रबार बेनलाई तत्काल पक्राउ गरी अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गरायो । उसले राष्ट्रिय सुरक्षा परिषद्, राष्ट्रपति कार्यालय शीतल निवास र नेपाली सेनाको मुख्यालय भद्रकालीलाई समेत बोधार्थ पठाएको छ ।

प्रधानमन्त्रीले संसदमा नेपालको सीमा अतिक्रमण र राष्ट्रिय सार्वभौमिकताको विषय उठाउने तर आफ्नै प्रमुख सल्लाहकारमाथि त्यही देशका कथित जासुसी संयन्त्रसँग अपारदर्शी सम्पर्कको आरोप लाग्दा मौन बस्ने हो भने सरकारको नियतमाथि प्रश्न उठ्ने मुभमेन्टको भनाइ छ । 'पद र पहुँचका आधारमा अनुसन्धानबाट उन्मुक्ति दिनु हुँदैन,' जेनजी मुभमेन्ट नेपालका प्रवक्ता विजय शाहले भने, 'गम्भीर आरोप लागेपछि उनलाई जिम्मेवारीमा राखिरहनु कानुनी शासनको उपहास हो ।'

**सुटुक्क दिल्लीदेखि धम्कीसम्म**

बेन भारत गएको विषयलाई लिएर यसअघि पनि प्रश्न उठेको थियो । उनी स्वयंले भने दिल्ली गएको अस्वीकार गर्दैआएका छन् । तर, सत्तारुढ दलका सांसद सिंहले संसदबाटै उनको भारत भ्रमणबारे खुलासा गरेपछि बेन विवादमा तानिएका छन् । बेन गत असार १९ मा सुटुक्क नयाँ दिल्ली गएर असार २३ मा काठमाडौं फर्किएको सूचना बाहिरिए पनि प्रधानमन्त्रीको सचिवालयले औपचारिक रुपमा स्वीकार वा खण्डन गरेको छैन। सिमराहुँदै नयाँ दिल्ली पुगेका सल्लाहकार बेनले भारतीय विदेश मन्त्रालयका वरिष्ठ अधिकारी र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेटवार्ता गरेको दाबीसमेत गरिएको छ ।

त्यसबाहेक बेनका अन्य गतिविधि पनि विवादमा तानिएका छन् । सरकारी अधिकारीका अनुसार प्रधानमन्त्रीको सचिवालय नै अधिकांश मन्त्रालयको निर्णय प्रक्रियामा हाबी भइरहेको छ । स्वयम् मन्त्रीहरुको निगरानी र निर्देशनसमेत सल्लाहकारहरुले गर्ने गरेका छन् ।

गत असार १ गते बेनकै सल्लाहमा प्रधानमन्त्री शाहले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेम राईसहित पदाधिकारीलाई सिंहदरबार बोलाए । उनीहरुलाई बेनसहितको सल्लाहकार टिमले दिनभर केरकार गऱ्यो । राहदानी विभागका प्रमुखसहितका अधिकारीविरुद्ध पक्राउ गरेर मुद्दा चलाउन दबाब र म्यान दिएर पठाइयो । आवश्यक परे प्रधानमन्त्रीमाथि समेत अनुसन्धान गर्ने हैसियत राख्ने संवैधानिक आयोगका पदाधिकारीलाई बेनसहितका सल्लाहकारहरुले दवाब दिएर निर्णय गर्न लगाएको सार्वजनिक भइसकेको छ ।

प्रमुख सल्लाहकार बेनले गत साउन १९ मा ललितपुरको लगनखेलस्थित मालपोत कार्यालयमा छड्के अनुगमन गरी मोबाइलमा भिडियोसमेत बनाएका थिए । बेन प्रधानमन्त्री शाहका पुराना साथी हुन् । शाहको राजनीतिका रणनीतिकारसमेत मानिएका बेनले शक्तिको लाभ उठाइरहेका छन् । नातावादको बिरोध गरेर सत्तामा पुगेका प्रधानमन्त्री शाहले बेनको परिवारका तीन जनालाई राजनीतिक नियुक्ति दिलाएका छन्। दाइ सिद्धि ब्याञ्जनकार शिक्षा तथा खेलकुद्‌मन्त्री सस्मित पोखरेलका सल्लाहकार छन् । अहिले खेलकुद् सम्बन्धि सम्पूर्ण निर्णय उनैले गरिरहेका छन् । बहिनी सिद्धिलक्ष्मी व्यञ्जनकारलाई नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सदस्यमा नियुक्त गरिएको छ ।

एकपछि अर्को प्रकरणमा विवादमा तानिए पनि सत्तारुढ रास्वपाभित्र यसबारे कुनै छलफल भएको छैन। संसद्‌देखि सार्वजनिक रुपमै उनीमाथि प्रश्नैप्रश्न उठेका छन् । तर, प्रधानमन्त्री शाहका विश्वासपात्र भएकै कारण कुनै छलफल हुँदैन्। रास्वपा प्रवक्ता एवं सांसद् जगदीश खरेल पनि बेनमाथि लागेका आरोपबारे पार्टीमा औपचारिक छलफल नभएको बताए ।

'अब सार्वजनिक रूपमा कुनै व्यक्तिले वा सांसदले व्यक्तिगत रूपमा उठाएको कुरालाई लिएर यो नै हो भन्ने अवस्था रहेन,' उनले मध्यान्हसँग भने, 'सांसदले भनेको र मिडियामा आएका कुरा हामीले पनि सुन्यौं । यो विषयमा सरकार वा अन्त के भइरहेको छ थाहा भएन । तर पार्टीमा कुनै औपचारिक छलफल भएको छैन ।' बेन तिनै पात्र हुन्, जो विगतमा नेपाल टेलिकमको कल बाइपास गरेको आरोपका प्रहरीले अनुसन्धान गरेको थियो । त्यो प्रकरण बुझेका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी त्यही आपराधिक पृष्ठभूमि लुकाउन प्रधानमन्त्रीका सल्लाहकार कुमार व्यञ्जनकारले कुमार बेन लेखेको आरोपसमेत लगाएका छन् ।

सिंहदरबारमा प्रधानमन्त्रीको सचिवालय हाबी भएपछि सल्लाहकारहरुको अधिकारक्षेत्र र सीमाबारे पनि बहस सुरु भएको छ। प्रधानमन्त्रीका सल्लाहकारले आफ्नो जिम्मेवारीअनुसार काम गर्नुपर्ने भए पनि उनीसँग कार्यकारी अधिकार हुँदैन । पूर्वप्रधानमन्त्री झलनाथ खनालका प्रमुख राजनीतिक सल्लाहकार रहेर काम गरेका नेपाली कम्युनिष्ट पार्टीका नेता प्रकाश ज्वाला प्रमुख सल्लाहकार मन्त्रीसरहको हैसियतमा भए पनि मन्त्रीजस्तो कार्यकारी पद नभएको बताए । 'सल्लाहकारले निर्णय गर्ने र निर्णय कार्यान्वयन गर्ने होइन,' उनले भने, 'प्रमुख सल्लाहकारको भूमिका प्रधानमन्त्रीलाई शासन सञ्चालनका लागि राजनीतिक दलसँग छलफल गराउने, जनताका समस्या समाधानका उपाय खोज्ने, कानुन निर्माणमा सहयोग गर्ने, संविधानका प्रावधान कार्यान्वयनमा सघाउने र कूटनीतिक व्यवस्थापनमा आवश्यक प्राविधिक काम गर्ने हो ।'

सल्लाहकारले शासन सञ्चालनमा हस्तक्षेप गर्दा समस्या निम्तिने ज्वाला बताउँछन् । 'अहिलेको सरकार नै प्रमुख सल्लाहकार र सल्लाहकारले चलाएको सन्देश गएको छ,' उनले भने, 'सल्लाहकारबाट शासन प्रशासनमा सिधै हस्तक्षेप भयो भने प्रधानमन्त्रीलाई मिसलिड गर्छ र शासकीय अराजकता उत्पन्न हुन्छ ।' मन्त्री चलाउने, मुख्यसचिव बनाउने, कूटनीतिज्ञसँग डिल गर्ने तथा कर्मचारी सरुवा-बढुवासम्ममा सल्लाहकारको हस्तक्षेप देखिनु कानुनी शासनका लागि नकारात्मक हुने ज्वालाको धारणा छ ।

**को हुन् कुमार बेन ?**

कुमार बेन ललितपुर महानगरपालिका-१० का सदाबहार स्वतन्त्र वडाध्यक्षको परिचय बनाएका उम्मेदवार नरसिंह व्यञ्जनकारका कान्छा छोरा हुन् । नरसिंह व्यञ्जनकार १० पटकसम्म वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार बनेर निर्वाचित भएका थिए । २०७९ को निर्वाचनमा भने उनी नेपाली कांग्रेसका उम्मेदवार आफ्नै भतिज रविन व्यञ्जनकारसँग पराजित भए । त्यो नै उनको अन्तिम प्रतिस्पर्धा बन्न पुग्यो ।

बेन राजनीतिक परिवारबाट आएका भए पनि सामान्य जीवनशैलीका देखिन्छन् । प्रधानमन्त्री वालेन्द्र शाहको राजनीतिक यात्रामा भने उनको भूमिका सुरुदेखि नै प्रभावशाली रहँदै आएको उनीनिकटहरू बताउँछन् ।

२०७९ को स्थानीय निर्वाचनअघि नै बालेनको सफलताका लागि बेनले भूमिका खेलेको उनीनिकटको दाबी छ। काठमाडौं महानगरपालिकाको निर्वाचनदेखि प्रतिनिधिसभा निर्वाचनसम्म बालेनको राजनीतिक यात्रामा उनले रणनीतिक भूमिका निर्वाह गरेको बताइन्छ ।

बालेन र रास्वपाबीचको एकतादेखि निर्वाचनअघि नै बालेनलाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने निर्णयसम्म बेनको भूमिका रहेको उनीनिकटहरू बताउँछन् । बालेन प्रधानमन्त्री बनेपछि उनी प्रमुख सल्लाहकार नियुक्त भएका हुन् ।

ललितपुरको ज्वागलस्थित बेनकै घरबाट बालेनको राजनीतिक यात्राले उचाइ लिएको बताइन्छ। त्यसयता प्रधानमन्त्री कार्यालयमा बसेर विभिन्न मन्त्रालय र निकायमाथि निगरानी राख्नेदेखि कार्यकारी भूमिकामै रहेजस्तो गतिविधि गर्दै आएको आरोप उनीमाथि लाग्दै आएको छ ।

बालेनले नरसिंह व्यञ्जनकारलाई आफ्नो राजनीतिक गुरु मान्दै आएका छन् । बेन युवालाई एकढिक्का बनाउन र सामाजिक सञ्जालमार्फत राजनीतिक एजेन्डा प्रभावकारी बनाउन माहिर मानिन्छन्। रुटिन अफ नेपाल बन्द, एमआरआरलगायत सामाजिक सञ्जालका पेज तथा समूह परिचालनमा समेत उनको भूमिका रहेको निकटस्थको दाबी छ ।

### सम्पत्ति...

वा धारकबाहेक अन्य व्यक्तिले प्रयोग भनेर यसलाई उच्च जोखिमा राखिएको छ ।

प्रतिवेदनअनुसार यससम्बन्धी महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी र अन्य कानुन कार्यान्वयन गर्ने निकायमा उजुरी, मुद्दा चलाउने कार्य, कसुर ठहर र दाबी गरिएको रकमको परिमाण सबैमा वृद्धि भइरहेको छ ।

यसले कानुन कार्यान्वयनसम्बन्धी सक्रियतामा वृद्धि तथा कसुरजन्य गतिविधिमा भएको बढोत्तरी दुवैलाई प्रतिविम्बित गर्दछ ।

प्रतिवेदनअनुसार सम्पत्ति शुद्धीकरणका समान तरिकाहरू विभिन्न गम्भीर 'प्रिडिकेट' कसुरहरू (मूल कसुरहरू)मा प्रयोग भइरहेका छन् । साथै वास्तविक स्वामित्वको पारदर्शिता, कानुनी व्यक्तिको दुरुपयोग, सीमापार वित्तीय प्रवाह र व्यापारमा आधारित मूल्य हस्तान्तरणजस्ता विषयहरूमा काम भइरहेको छ । सम्पत्ति असुलीको सन्दर्भमा, अपराधबाट प्राप्त आयको पहिचान तथा संरक्षण गर्ने कार्य भइरहेको भनेर प्रतिवेदनले औंल्याएको छ। यसमा सुधार ल्याउन के गर्ने भनेर पनि सुझाइएको छ। यसअन्तर्गत मुख्यतः चारवटा बुँदा समावेश छ ।

वित्तीय अनुसन्धान प्रणाली सुदृढ गर्ने : वित्तीय गुप्तचर इकाई र कानुन कार्यान्वयन निकायबीच सूचना आदानप्रदान र सम्पत्ति पछाडिको खोजीलाई प्राथमिकता दिने,

डिजिटल डाटाबेसमा पहुँच प्रदान गर्ने : सूचक संस्थाहरूलाई ग्राहक पहिचान प्रक्रिया सहज बनाउन राष्ट्रिय परिचयपत्र, आधारभूत तथा वास्तविक धनीसम्बन्धी सरकारी डाटाबेसमा डिजिटल पहुँच उपलब्ध गराउने,

जफत सम्पत्ति व्यवस्थापन : जफत तथा रोक्का गरिएका सम्पत्तिको अभिलेख राख्न डिएमपिसीको प्रविधि प्रणालीलाई राष्ट्रिय डाटाबेसको रूपमा पूर्ण रूपमा सञ्चालनमा ल्याउने,

क्षमता अभिवृद्धि : तालिमप्राप्त र अनुभवी जनशक्तिको निरन्तरता कायम राख्दै जोखिममा आधारित विशिष्टीकृत तालिम प्रदान गर्ने ।

### ओली...

संशोधन प्रस्ताव पेस भएपछि सचिवालय र केन्द्रीय कमिटीका बैठकमा छलफलमा लैजाने तयारी भएको पार्टी सचिव शेरधन राईले बताए। असोज १ गतेअगावै दुई प्रतिवेदनको समायोजन गरिसक्ने गरी संयोजक बादल, पौडेल र पोखरेल रहेको तीन सदस्यीय पुनर्लेखन कमिटी बनाइएको छ। उक्त पुनर्लेखित प्रतिवेदनलाई असोज १ गते पार्टी कार्यालय च्यासलमा बस्ने कार्यदलको बैठकबाट पारित गर्ने योजना छ ।

सचिव राईले कार्यदलले ल्याएको प्रतिवेदनले नेतृत्व बर्हिगमनको अधिकार नराख्ने बताए । 'कार्यदललाई पार्टीको नेतृत्व पुर्नगठनको अधिकार थिएन,' उनले मध्यान्हसँग भने, 'कार्यदललाई नभएको अधिकार महासचिवको प्रतिवेदनमा झल्कन्छ, त्यसले पार्टीमा अर्को संकट निम्तिने भएकाले यसलाई पार्टीको केन्द्रीय समितिमै छलफलमा लैजाने सहमति गरेका हौं ।'

व्यक्तिहरूको बहिर्गमनबाहेक समाधानमा जानुपर्ने भन्दै बादलले संशोधन प्रस्ताव पेस गरेको उनको भनाइ छ । 'कार्यदल वा त्यसको प्रतिवेदन नै अन्तिम विषय होइन । कार्यदलले पेस गरेको प्रतिवेदनमाथि सचिवालय र केन्द्रीय कमिटीका बैठकमा छलफल हुन्छ,' उनले भने, 'ती दुई तहका छलफलबाट पनि निष्कर्ष नआए महाधिवेशनपछिको सर्वोच्च निकाय केन्द्रीय प्रतिनिधि परिषद्‌मा लैजाने सुविधा छ ।'

बैठकमा ओलीपक्षीय नेताहरूले कार्यदलले पेलपाल गरेर प्रतिवेदन पारित गरेमा त्यसलाई नमान्ने र अन्य बैठकसमेत बस्न नसक्ने चेतावनी दिएको नेताहरू बताउँछन् । कार्यदलका संयोजक बादलले त 'कार्यदलकै औचित्य छैन'सम्म भन्न भ्याएको एक नेताले बताए। त्यसपछि बैठकको वातावरण धमिलिन बन्न पुगेको थियो । ती नेताले बैठकमा नेताहरूको नोकझोकको अवस्थालाई स्मरण गर्दै भने 'कमरेड, यो नेकपा एमाले हो, अर्को कुनै पार्टी होइन। तपाईंले हामीलाई एमाले सिकाउने होइन, पहिला आफैं एमाले बन्ने प्रयास गर्नुस् ।'

नेताहरूको नोकझोकबीच समापन गरिएको बैठकले पार्टी पुनर्गठन कार्यदलले तयार पारेको प्रतिवेदन अब कुन स्वरूपमा आउँछ प्रस्ट छैन । पार्टीको नीति र नेतृत्वबारे पुनर्विचार गर्न विशेष महाधिवेशनमा जाने कि सचिवालय, केन्द्रीय कमिटीदेखि प्रतिनिधि परिषद्सम्मका निकायबाट हल गर्ने भन्ने विषय पनि कार्यदलपछिका विभिन्न बैठकमै बहस गरिने नेताहरूले दाबी गरेका छन् ।

कार्यदल बैठकमा पेश भएका दुईमध्ये महासचिव पोखरेलको प्रतिवेदनका पक्षमा बहुमत सदस्य भए पनि पारित नगरिएको एमालेका केन्द्रीय सदस्य झपड रावलले बताए । 'पार्टी पंक्ति र जनसमुदायमा नेतृत्वप्रतिको आकर्षण घटेको स्थितिमा सुधार गरेर जान नसक्दा भविष्यमा झन् बढी क्षति हुन्छ भन्ने कुरामा अधिकांश साथिहरूको मतैक्यता थियो,' रावलले भने । बैठकमा पदाधिकारीहरूबीच आपसी छेडछाडको स्थितीसमेत बनेको नेताहरूले बताएका छन् ।

### संघद्वारा...

र असमान व्यवस्थाको प्रावधानबारे आफ्नो गम्भीर चिन्ता राखेको अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले बताए ।

संघले नेपालबाट जाने आप्रवासी कामदारहरूको अधिकार र हितको संरक्षण गर्दै नेपाल र मलेसियाबीचको बलियो श्रम सम्बन्ध कायम गरी भर्ना तथा छनोटमा निष्पक्षता, पारदर्शिता, समान अवसर र नैतिक अभ्यासहरू सुनिश्चित गर्ने विषयमा जोड दिएको बताएको छ । निष्पक्ष, पारदर्शी र गैरभेदभावपूर्ण भर्ना प्रणालीलाई प्रवर्धन गर्न सबै सम्बन्धित सरोकारवालासँग रचनात्मक संवाद र सहकार्य गर्न प्रतिबद्ध रहेको भन्दै संघले मलेसियाको प्रस्तावित प्रणालीले इजाजतपत्र प्राप्त सीमित वैदेशिक रोजगार व्यवसायीलाई मात्र पहुँच दिई विभेद गरेर समान अवसरबाट वञ्चित गर्न सक्ने भन्दै चिन्ता समेत व्यक्त गरेको छ ।

युवा, श्रम तथा रोजगार मन्त्रालयको राजनीतिक तथा प्रशासनिक नेतृत्व र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व समग्र वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत सुधारका माध्यमबाट सम्मानित, पारदर्शी, व्यवस्थित र मर्यादित बनाउन दत्तचित्त रहेको भन्दै संघले कुशल कूटनीतिक प्रयासद्वारा मलेसिया रोजगारलाई निरन्तरता दिने भूमिका खेल्न परराष्ट्र मन्त्रालयसँग आग्रह गरेको छ ।

मलेसियाको एफडब्लुसिएमएसमा नेपाल सरकारको सहमतिबिना नै २५ मुख्य र उनीहरू मातहत १० गरी २७५ नेपाली म्यानपावर कम्पनी दर्ता गरिएपछि मलेसियाको रोजगारीमाथि अन्योलता गहिरिएको छ ।

श्रम मन्त्रालयले वैदेशिक रोजगार विभागलाई एफडब्लुसिएमएसमा नाम समावेश भएका म्यानपावर कम्पनीको मागपत्रमा पूर्वस्वीकृति प्रदान नगर्न निर्देशन दिएको छ । मलेसियास्थित नेपाली दूतावासले पनि उनीहरूको प्रमाणीकरण रोकेको बताएको छ । मलेसियामा विदेशी कामदारहरूको भर्नाको समग्र प्रक्रियालाई स्वचालित रूपमा व्यवस्थापन र नियन्त्रण गर्न एफडब्लुसिएमएस प्रणाली प्रयोगमा ल्याइएको छ। तर त्यसमा नेपालसँगको द्विपक्षीय श्रम सम्झौतामा उल्लेखित संयुक्त कार्यदलमा समेत छलफल नगरी नेपालका २७५ म्यानपावर कम्पनीको नाम समावेश गरिएको श्रम मन्त्रालयको भनाइ छ ।

अदक्ष नेपाली श्रमिकको मुख्य गन्तव्य मलेसियामा लगभग ४ लाख नेपाली कामदारहरू छन् । नेपालमा देखिएको गतिरोधको समस्या समाधान नभएको अवस्थामा नेपाल आउने डिमान्ड बंगलादेश डाइभर्ट हुने विश्लेषण गरिएको छ ।

### नेवाः समाजद्वारा...

प्रा.लि.का सञ्चालक एवं वैदेशिक रोजगार व्यवसायी दानबहादुर तामाङ तथा सुमी लोप्चनका पुत्र तामाङलाई ब्लड क्यान्सर भएपछि हाल उपचारका लागि भक्तपुर क्यान्सर अस्पतालमा भर्ना गरिएको छ।

सोमबार समाजका अध्यक्ष किसन प्रधानको नेतृत्वमा गएको समाजको प्रतिनिधिमण्डलले बालकका अभिभावकलाई १ लाख १ हजार १११ रुपैयाँ नगद हस्तान्तरण गरेको छ। अध्यक्ष प्रधानले जसलाई अति जरुरी छ, त्यस्ता व्यक्ति वा संस्थालाई क्षमताले भ्याएसम्म सहयोग गर्ने समाजको उद्देश्य रहेकाले रकम अभावका कारण उपचारको जोखिममा रहेका बालकका लागि सहयोग गरिएको बताए ।

समाजका महासचिव देवेन्द्र नारायण श्रेष्ठले सामाजिक उत्तरदायित्वको भावनाले उपचाररत बालकलाई सहयोग गरिएको बताए । 'मर्दा-पर्दा नेवाः समाज' भन्ने सामाजिक सेवाको मूल उद्देश्य लिएर स्थापित समाज क्रियाशील रहेको भन्दै महासचिव श्रेष्ठले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गर्ने कार्यक्रमलाई सधैं निरन्तरता दिने बताए ।

समाजले यसअघि शैक्षिक छात्रवृत्ति, वैदेशिक रोजगारबाट घाइते तथा अपांग भई फर्केका कामदारलाई सेल्टर दिने संस्थालाई आर्थिक सहयोग तथा हालै आएको बाढीपीडितलाई छाता संगठनले गरेको आह्वानअनुसार सक्दो सहयोग गरेको थियो ।

सो अवसरमा अध्यक्ष प्रधान, तृतीय उपाध्यक्ष प्रवीण श्रेष्ठ, महासचिव श्रेष्ठ, सचिव गगन श्रेष्ठ, कोषाध्यक्ष चन्द्रकुमार श्रेष्ठ र सदस्यहरू अमित श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, विद्यालक्ष्मी बज्राचार्य, व्यवसायी भरत सापकोटा, बासु पुडासैनी र देउमान नेम्वाङको सहभागिता रहेको थियो ।


## गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लिवासे, प्यूठान लुम्बिनी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षणबारे सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशन मिति २०८३/०५/३०)**

प्यूठान जिल्लाको गौमुखी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागियको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | गौमुखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लिवासे, प्यूठान । |
| **प्रस्तावको व्यहोरा** | गौमुखी गाउँपालिका क्षेत्र अन्तर्गत झिमरुक खोलाका विभिन्न घाटहरु रातामाटा (वडा नं ७), सालिविसौना (वडा नं ७), पातिहाल्ना (वडा नं ७), फड्के (वडा नं ५), छहरे खोला (वडा नं ५), मसान घाट (वडा नं ४ र ५), फेदि (वडा नं ४), सिरिङ खोला (वडा नं १ र ३) र हार्जा खोला (वडा नं १ र २) क्षेत्रवाट नदिजन्य प्रर्दाथ ढुङ्गा, गीट्टी तथा वालुवा संकलन तथा उत्खनन् कार्यको लागि । |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | गौमुखी गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५ र ७। |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्रका वडा कार्यालय, विद्यालय, वन, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ । राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, लिवासे, प्यूठान । फोन नं ९८५७८३६३१९, ईमेल gaumukhirm2073gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | क्रेष्ट इन्जिनियर्स प्रा.लि., टारी, प्यूठान, नेपाल । फोन नं ९८६३०३६४५१, ईमेल info.crestengineers@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

## लुङ्ग्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बडाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षणबारे सार्वजनिक सूचना**

**(सूचना प्रकाशन मिति २०८३/०५/३०)**

लुङ्ग्री गाउँपालिका क्षेत्र भित्रको बोज्याङ खोला र लुङ्ग्री खोलाको सुनछहरी झरना देखी दोमही सम्मको बायाँ क्षेत्र (नदी बग्ने दिशालाई आधारमानी) नदीजन्य पदार्थहरू ढुङ्गा, गीट्टी, बालुवा उत्खनन्/संकलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बडाचौर, रोल्पा । |
| **प्रस्तावको व्यहोरा** | लुङ्ग्री गाउँपालिका क्षेत्र अन्तर्गत बोज्याङ खोला र लुङ्ग्री खोलाको सुनछहरी झरना देखी दोमही सम्मको बायाँ क्षेत्र (नदि बग्ने दिशालाई आधारमानी) नदिजन्य प्रर्दाथ ढुङ्गा, गीट्टी संकलन तथा उत्खनन् कार्यको लागि । |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | लुङ्ग्री गाउँपालिकाको वडा नं. ४ र ५ । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्रका वडा कार्यालय, विद्यालय, वन, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बडाचौर, रोल्पा । फोन नं ९८५७०६९६६९, ईमेल lungrimun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | क्रेष्ट इन्जिनियर्स प्रा.लि., टारी, प्यूठान, नेपाल । फोन नं ९८६३०३६४५१, ईमेल info.crestengineers@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

# बालबालिकामा गरिने लगानी राष्ट्रको सुखद भविष्यका लागि हो : प्रधानमन्त्री

**काठमाडौं/मस-**प्रधानमन्त्री वालेन्द्र शाहले बालबालिकामा गरिने लगानी वास्तवमा राष्ट्रको सुखद भविष्यका लागि भएको बताएका छन् ।

राष्ट्रिय बाल दिवस, २०८३ को अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री शाहले देशभित्र तथा विदेशमा रहेका सम्पूर्ण नेपाली बालबालिकामा सुख, समृद्धि, सुस्वास्थ्य, सफलता, बालमैत्री वातावरण र उत्कृष्ट भविष्यको हार्दिक शुभकामना व्यक्त गरेका छन्। प्रधानमन्त्री शाहले बालअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा निरन्तर क्रियाशील अभिभावक, शिक्षक, जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, विकास साझेदार, सञ्चारजगत् तथा सम्पूर्ण सरोकारवालाप्रति सम्मान व्यक्त गरेका छन् ।



यस वर्ष 'बालापनको रक्षा: भविष्यको सुरक्षा' भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रिय बाल दिवस मनाइएको छ । यस वर्षको नाराले बालबालिकाको वर्तमान सुरक्षित र अधिकारसम्पन्न बनाएर मात्र राष्ट्रको समृद्ध भविष्य निर्माण गर्न सकिन्छ भन्ने गहन सत्यलाई जोड दिएको प्रधानमन्त्री शाहले उल्लेख गरेका छन् ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्रका रूपमा अनुमोदन गरी भेदभावरहित, सर्वोत्तम हित, जीवन-बाँच्न र विकास पाउने अधिकार तथा विचार व्यक्त गर्ने अधिकारमा आधारित सिद्धान्तप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको प्रधानमन्त्री शाहले बताएका छन् ।

ती मूल्य-मान्यतालाई नेपालको संविधानको धारा ३९ (बालबालिकाको हक), राष्ट्रिय बालबालिका नीति, २०८० र बालबालिकासम्बन्धी ऐन, २०७५ ले मौलिक हक तथा कानुनी अधिकारका रूपमा सुदृढ ढंगले सुनिश्चित गरेको उनले बताएका छन् ।

प्रधानमन्त्री शाहले अबको मुख्य प्राथमिकता संविधान तथा कानुनले सुनिश्चित गरेका बालबालिकाका अधिकारलाई प्रत्येक बालबालिकाको दैनिक जीवनमा वास्तविक अनुभूति गराउनु रहेको बताएका छन् ।

'अबको हाम्रो मुख्य प्राथमिकता यी संवैधानिक तथा कानुनी अधिकारहरूलाई प्रत्येक बालबालिकाको दैनिक जीवनमा वास्तविक अनुभूति गराउनु हो । यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व बहन आवश्यक छ,' प्रधानमन्त्रीले सन्देशमा भनेका छन् ।

त्यस्तै, बालबालिकाको अधिकार सुनिश्चित गर्न तीनै तहका सरकारको भूमिका स्पष्ट गर्दै प्रधानमन्त्री शाहले सङ्घले राष्ट्रिय नीति, कानुनी तथा संस्थागत आधारलाई सुदृढ बनाउनुपर्ने बताएका छन्। प्रदेशले समन्वय र सेवाको विस्तार गर्ने तथा स्थानीय तहले बालबालिकाको सबैभन्दा नजिकको सरकारका रूपमा जोखिम पहिचान, संरक्षण, सेवा प्रवाह र बालमैत्री वातावरण निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

'संघले राष्ट्रिय नीति, कानुनी तथा संस्थागत आधारलाई सुदृढ बनाउने, प्रदेशले समन्वय र सेवाको विस्तार गर्ने, स्थानीय तहले बालबालिकाको सबैभन्दा नजिकको सरकारका रूपमा जोखिम पहिचान, संरक्षण, सेवा प्रवाह र बालमैत्री वातावरण निर्माण गर्ने गरी तीनै तहको प्रयासलाई एउटै परिणाममुखी दिशामा जोड्न आवश्यक छ,' प्रधानमन्त्रीको शुभकामना सन्देशमा भनिएको छ ।

प्रधानमन्त्री शाहले बालबालिकाको वर्तमान सुरक्षित र अधिकारसम्पन्न बनाउन सके मात्र राष्ट्रको सुखद र समृद्ध भविष्य निर्माण गर्न सकिने उल्लेख गर्दै राष्ट्रिय बाल दिवसको अवसरमा बालबालिकाको अधिकार र हितका लागि निरन्तर काम गर्ने सबैप्रति सम्मान व्यक्त गरेका छन् ।

# सुस्तामा कडाइपछि तस्करीको रुट फेरियो

## त्रिवेणीबाट डुंगामा फर्सीको बीउ र लसुन बिहारतर्फ

**बिनोद निगम/ मध्यान्ह**
नवलपरासी, २९ भदौ



लुम्बिनी प्रदेश अन्तर्गत पश्चिम नवलपरासीको सुस्तामा सुरक्षा निगरानी कडा भएपछि नारायणी नदीमार्फत भारततर्फ हुने भनिएको अवैध सामान ओसार पसारको रुट परिवर्तन भएको छ । पछिल्लो समय तस्करीमा संलग्न समूहले गण्डकी प्रदेशअन्तर्गत पूर्वी नवलपरासीको विनयी-त्रिवेणी क्षेत्रलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न थालेको छन् ।

स्रोतका अनुसार रात पर्नासाथ त्रिवेणी गण्डक क्षेत्रको दक्षिणतर्फबाट लसुन र फर्सीको बिउ डुंगामार्फत नारायणी नदी हुँदै भारततर्फ लैजाने गतिविधि हुने गरेको छ । विनयी-त्रिवेणी गाउँपालिकास्थित त्रिवेणी भ्यु पोइन्ट देखि दक्षिणतर्फ आसपाससम्म पिकअपलगायतका सवारीसाधनमा सामान ल्याइने र त्यहाँबाट डुंगामा लोड गरी नदीमार्फत भारतको बिहारस्थित लवकुश घाटसम्म पुऱ्याउने गरिएको स्रोतको दाबी छ।

लवकुश घाट पुगेपछि भारतीय सवारीसाधनमार्फत ती सामान विभिन्न स्थानमा पठाउने गरिएको एक व्यापारीले नाम नखुलाउने सर्तमा बताए। उनका अनुसार पछिल्लो समय विशेषगरी लसुन र फर्सीको बिउ नदीमार्ग हुँदै भारततर्फ लैजाने क्रम बढेको छ ।

केही साताअघि सुस्तास्थित नारायणी नदी हुँदै डुंगामार्फत सामान भारततर्फ लैजाँदै गरेको भनिएको भिडियो सार्वजनिक भएपछि उक्त क्षेत्रको अवैध ओसारपसारबारे सुरक्षा निकायको ध्यानाकर्षण भएको थियो । त्यसपछि सुस्ता क्षेत्रमा निगरानी बढाइएको स्रोतको भनाइ छ ।

सुस्तामा निगरानी कडा भएपछि एउटै मार्गमा निर्भर नरही वैकल्पिक बाटो खोजिएको र त्यसैक्रममा विनयी-त्रिवेणी क्षेत्रबाट नारायणी नदी प्रयोग गर्न थालिएको स्रोतको दाबी छ ।

पश्चिम नवलपरासीबाट पूर्वी नवलपरासी हुँदै नदीमार्फत भारततर्फ सामान ओसारपसार भइरहेको छ ।यसले सुरक्षा निगरानीको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गर्छ। स्थलमार्गमा निगरानी बढाइदा नदीमार्गबाट अवैध ओसारपसारका लागि नयाँ बाटो खुल्ने जोखिमसमेत देखिएको छ ।

विशेषगरी नदी किनारका सम्भावित लोडिङ, ट्रान्जिट र अनलोडिङ बिन्दुमा सुरक्षा निगरानी कति प्रभावकारी छ भन्ने विषय महत्वपूर्ण बनेको छ। सामान सवारीसाधनबाट नदी किनारसम्म पुग्ने, डुंगामा लोड हुने र नदी हुँदै भारतीय घाटसम्म पुग्ने गतिविधि हुने दाबी सार्वजनिक भइरहँदा सुरक्षा संयन्त्रको उपस्थिति र निगरानीमाथि प्रश्न उठ्नु स्वाभाविक देखिन्छ । स्रोतका अनुसार यस्तो कारोबारलाई सहज बनाउन केही व्यक्तिको मिलेमतो हुने गरेको आरोपसमेत छ । स्थलमार्गमा प्रहरी, सशस्त्र प्रहरी र भन्सारको निगरानी रहने भए पनि नदीमार्गबाट हुने सम्भावित अवैध ओसारपसारमा त्यही स्तरको निगरानी छ कि छैन भन्ने प्रश्न उठेको छ ।

# बाढीप्रभावित क्षेत्रका सडक सञ्जाल असोजभित्रै सञ्चालन गरिने

**काठमाडौं/मस-** सरकारले भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै सञ्चालनमा ल्याउने गरी काम अघि बढाएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार प्रधानमन्त्री वालेन्द्र शाहसँग बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूसँग भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सडक तथा पुल निर्माणलाई तीव्रता दिइएको जानकारी दिएका हुन् ।



मन्त्री लम्सालका अनुसार बाढी प्रभावित क्षेत्रमा पुन:निर्माणको कामलाई प्रभावकारी बनाउन विभिन्न विषयगत आठ वटा कार्यदल गठन गरिएको छ। ती कार्यदलमार्फत सडक र पुल निर्माणको काम अघि बढाइएको उनले बताए । उनले पुन:निर्माणका क्रममा दोहोरोपना हुन नदिन स्थानीय जनप्रतिनिधिलाई सहजीकरण गर्न आग्रह गरे । तत्कालका लागि वैकल्पिक सडक सञ्चालन तथा तुइन र झोलुंगे पुल जडानको कामलाई तीव्रता दिइएको उनले बताए । अब पक्की सडक तथा पुलको निर्माणलाई समेत छिटो सम्पन्न गर्ने गरी काम अघि बढाइने मन्त्री लम्सालको भनाइ छ । प्रभावित क्षेत्रका क्षतिग्रस्त पूर्वाधारको विवरण संकलन, योजना निर्माण, निर्माणमा समन्वय तथा अनुगमन र नियमनमा स्थानीय जनप्रतिनिधिले सहयोग गर्नुपर्ने उनले बताए ।

मन्त्री लम्सालले प्रभावित क्षेत्रमा खानेपानी प्रणाली आगामी मंसिरसम्म पुन:स्थापना गर्ने सरकारको तयारी रहेको जानकारी दिए । स्वास्थ्य, शिक्षा लगायतका अन्य पूर्वाधार निर्माणको कामसमेत सरकारले अघि बढाइरहेको उनले बताए। छलफलमा भोटेकोशी बाढी प्रभावित नुवाकोटका प्रतिनिधिसभा सदस्य तथा सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले गैरसरकारी संस्थाहरूले प्रभावितका लागि घर निर्माण तथा ज्येष्ठ नागरिक र बालबालिकाको संरक्षण गर्ने आश्वासन दिँदै हिँडेको बताए । उनले गैरसरकारी संस्थाहरूले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरेर मात्रै काम गर्नुपर्नेमा जोड दिए । प्रभावित क्षेत्रमा कुनै पनि पीडित नछुट्ने गरी तथ्यांक संकलन गरेर समयमै सरकारलाई उपलब्ध गराउन स्थानीय जनप्रतिनिधिलाई उनले आग्रह गरे ।

सरकारले भोटेकोशी बाढीबाट क्षतिग्रस्त सडक तथा पुललगायत भौतिक पूर्वाधार पुन:निर्माणलाई प्राथमिकतामा राख्दै तत्कालीन रूपमा वैकल्पिक यातायात सञ्चालनसँगै दीर्घकालीन रूपमा पक्की पूर्वाधार निर्माणको काम अघि बढाउने जनाएको छ ।

**असोज १ देखि कृष्णभीरमा सबै सवारीका लागि दुईतर्फी सडक सञ्चालनको तयारी**

भोटेकोशी बाढीका कारण क्षतिग्रस्त पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा सडक विभागले असोज १ गतेदेखि सबै प्रकारका सवारीसाधनका लागि दुईतर्फी यातायात सञ्चालन गर्ने तयारी गरेको छ। सडक विभागको योजना तथा अनुगमन महाशाखाका उपमहानिर्देशक शुभराज न्यौपानेका अनुसार कृष्णभीरमा सडक खोल्ने कामको परीक्षण सफल भएको छ। यद्यपि सडकमा ग्राभेल बिछ्याउने, सतहगत निकास (सब-सर्फेस ड्रेनेज) निर्माण गर्ने तथा सक्रिय पहिरो क्षेत्रमा पानी निकासका लागि फ्रेन्च ड्रेन र होरिजोन्टल ड्रिलिङको काम भने बाँकी रहेको छ ।

भोटेकोशीमा आएको बाढीले पृथ्वी राजमार्गका विभिन्न खण्डमा क्षति पुऱ्याएको थियो । त्यसपछि भदौ १४ गते आएको अर्को बाढीले नदी कटान बढाउँदा परेवाभीर, कृष्णभीरलगायत क्षेत्रमा सडकको तल्लो भाग नै बगाएको थियो ।

कृष्णभीर पुरानो पहिरो सक्रिय हुने क्षेत्रसमेत भएकाले सडक विभागले विज्ञ तथा नेपाल जिओटेक्निकल सोसाइटीसँग परामर्श गरेर सडक सञ्चालन गर्ने निर्णय गरेको न्यौपानेले बताए । उनका अनुसार पहिरोको भित्तातर्फबाट सडक खन्दै तत्काल यातायात सञ्चालन गर्ने र त्यसपछि आवश्यक प्राविधिक उपचारका काम अघि बढाउने निर्णय भएको हो ।

आइतबार गरिएको परीक्षणका क्रममा कृष्णभीरमा एक चरणको ट्र्याक खोलिएको थियो । उपलब्ध ग्यास बुलेटलाई उक्त ट्र्याकबाट पार गराएर सडकको परीक्षणसमेत गरिएको न्यौपानेले जानकारी दिए। तर ग्राभेल तथा पानी निकासको काम बाँकी रहेकाले तत्कालका लागि सडक पुन: रोकिएको उनले बताए ।

कृष्णभीरमा सडक सञ्चालन गर्दा दुईतर्फी नै यातायात चलाउने तयारी रहेको उनको भनाइ छ । यद्यपि माथिबाट पहिरो खस्ने वा अन्य प्राविधिक समस्या देखिएमा अवस्था हेरेर निर्णय गर्नुपर्ने हुनसक्ने उनले बताए । उनका अनुसार पृथ्वी राजमार्गका विभिन्न स्थानमा नदी कटान तथा पहिरोको प्रभाव परेको छ । बाढीको प्रभाव पृथ्वी राजमार्ग हुँदै त्रिशूली र नारायणी क्षेत्रसम्म परेकाले यात्रुले सावधानी अपनाउनुपर्ने सडक विभागले जनाएको छ ।

# अर्थमन्त्री वाग्ले भारत जाँदै



**काठमाडौं/मस-** अर्थमन्त्री डा.स्वर्णिम वाग्ले बिहीबार भारत भ्रमणमा जाने भएका छन् । भारतीय अर्थमन्त्री निर्मला सीतारमणको निमन्त्रणामा उनी भारत जान लागेका हुन् । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवका अनुसार भ्रमणका क्रममा अर्थमन्त्री वाग्लेले भारतीय समकक्षी सीतारमणसहित उच्चस्तरीय अधिकारीसँग भेटवार्ता गर्नेछन् । अर्थमन्त्री वाग्लेले भारतीय विदेशमन्त्री एस जयशंकरसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको राजदूत श्रीवास्तवले जानकारी दिएका छन् । गत भदौ १० गते नेपालमा आएको विनाशकारी बाढीपछि अर्थमन्त्री वाग्लेको यो पहिलो विदेश भ्रमण हो । भ्रमणका क्रममा नेपाल-भारतबीच आर्थिक तथा द्विपक्षीय सम्बन्धका विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

# बाढीपीडितको आँसु देखेर भावुक बनिन् एनआरएनए उपाध्यक्ष राई

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए)की उपाध्यक्ष रोजिना प्रधान राईले यसपटकको हरितालिका तीज बाढीबाट प्रभावित रसुवा र नुवाकोटका पीडित परिवारप्रति समर्पित गर्ने बताएकी छन् ।



रसुवा-नुवाकोटमा गएको भीषण प्राकृतिक विपत्तिले निम्त्याएको अकल्पनीय क्षति आफ्नै आँखाले देखेपछि तिजको रमाइलोभन्दा विपत्तिमा परेका परिवारको पीडा, आँसु र असहाय बालबालिकाको भविष्यले मन छोएको राईले बताएकी छन् ।

सामाजिक सञ्जालमार्फत भावुक सन्देश सार्वजनिक गर्दै उनले तीज हाम्रो संस्कार, उमंग र खुसीको पर्व भए पनि विपत्तिले धेरै परिवारको जीवनमा अन्धकार ल्याएको उल्लेख गरेकी छन् ।

'एकै क्षणमा जीवनसाथी गुमाएर विधवा हुनुभएका दिदीबहिनीहरू, अभिभावक गुमाएर टुहुरा बनेका बालबालिकाहरू र घर-सम्पत्ति तथा जीवनको आधार गुमाएका परिवारहरूको अवस्था देख्दा दरको थाल र तीजको उत्सव सम्झिनै सकिनँ,'उनले भनेकी छन्।

उनले यसपटक आफ्नो तीज रसुवा-नुवाकोटका बाढी तथा पहिरो प्रभावित दिदीबहिनी, दाजुभाइ र बालबालिकाप्रति समर्पित रहेको बताएकी छन् ।

# पशु रोगबाट प्रभावित किसानलाई क्षतिपूर्ति दिन छुट्टै कोष बनाउन माग

**काठमाडौं/मस-**संक्रामक पशु रोगबाट प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन छुट्टै कोष स्थापना गर्न सांसदहरूले जोड दिएका छन् । राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा सोमबार भएको 'संक्रामक पशु रोग नियन्त्रण विधेयक, २०८३' माथिको दफावार छलफलका क्रममा सांसदहरूले किसानको क्षति सुनिश्चित गर्न छुट्टै कोष आवश्यक रहेको बताएका हुन् । नेपाली कांग्रेसका सांसद आनन्दप्रसाद ढुंगानाले संक्रामक पशु रोगका कारण पशुधन गुमाएका किसानलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने भन्दै त्यसका लागि छुट्टै कोष स्थापना गर्नुपर्ने बताए । किसान देशको अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै उनले किसानलाई बलियो नबनाई देशको अर्थतन्त्र बलियो हुन नसक्ने धारणा राखे ।



उनले राहत र क्षतिपूर्ति फरक विषय भएको भन्दै किसानलाई क्षतिपूर्ति उपलब्ध गराउने विषयलाई राज्यको दायित्व र जिम्मेवारीसँग जोड्नुपर्ने बताए। सरकारले कोषमा निश्चित रकम राख्नुका साथै कृषि क्षेत्रमा जाने अन्य स्रोतबाट समेत रकम जम्मा गर्ने व्यवस्था गर्नुपर्ने उनको भनाइ थियो ।

'राहत र क्षतिपूर्ति फरक विषय हुन्। राहत भनेको सरकारले आफ्नो इच्छाअनुसार दिन सक्छ। पैसा भए दिन सक्छ, नभए दिन सकिएन भन्न सक्छ। त्यसमा सरकार बाध्य हुँदैन। तर क्षतिपूर्ति भनेपछि त्यसमा राज्यको दायित्व र जिम्मेवारी जोडिन्छ,' उनले भने ।

कुनै महामारीका कारण किसानको पशुधन नष्ट हुँदा उसको जीविकोपार्जनमै संकट पर्ने भएकाले राज्यले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने उनले बताए । किसान र कृषि क्षेत्रलाई बलियो बनाउन सके मात्रै गरिबी न्यूनीकरण तथा समग्र आर्थिक विकास सम्भव हुने उनको भनाइ थियो ।

नेकपा एमालेकी सांसद रामकुमारी झाँक्रीले पनि किसानलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन शक्तिशाली र तुलनात्मक रूपमा स्वतन्त्र कोष स्थापना गर्नुपर्ने बताइन्। उनले प्रत्येक आर्थिक वर्ष सरकारले निश्चित रकम विनियोजन गर्ने व्यवस्था गर्नुपर्ने बताउँदै क्वारेन्टाइन दस्तुर, कृषि तथा पशु क्षेत्रमा हुने योगदान र बैंकमार्फत प्रवाह हुने सहुलियतपूर्ण कर्जाबाट समेत निश्चित रकम कोषमा जम्मा गर्न सकिने प्रस्ताव गरिन् ।

कोषको रकम क्षतिपूर्ति भुक्तानीबाहेक अन्य प्रयोजनमा खर्च गर्न नपाइने गरी स्पष्ट सीमा निर्धारण गर्नुपर्ने झाँक्रीको भनाइ थियो । निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने गरी सञ्चालक समिति गठन गरेर कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने उनले बताइन्। सरकारले विभिन्न कोषमा पर्याप्त रकम नहुने र रकमको उचित परिचालन नहुने कारण नयाँ कोष स्थापना गर्न निरुत्साहित गर्दै आएको भए पनि संक्रामक पशु रोगबाट किसानलाई हुने क्षतिको प्रकृति हेरेर यस विषयमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

तर कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले सरकारले नयाँ कोष थप्ने नीति नलिएको बताए । सरकारले विद्यमान कोषहरूलाई समेत क्रमश: मर्ज गर्दै अत्यावश्यक कोषलाई मात्र सीमित रूपमा राख्ने नीति लिएको उनले जानकारी दिए ।

उनका अनुसार प्रस्तावित कोषमा रकम नेपाल सरकारको बजेटबाटै जाने भएकाले छुट्टै कोष स्थापना गर्नुभन्दा बजेटमै छुट्टै शीर्षक सिर्जना गरी आवश्यक रकम विनियोजन गर्नु उपयुक्त हुन्छ। 'अहिले कोषहरूलाई थप गर्ने, बनाउने नीति छैन, बरु कोषहरूलाई मर्ज गर्दै लैजाने सरकारको नीति छ,' उनले भने ।

बैठकमा नेपाली कम्युनिष्ट पार्टीकी सांसद मदनकुमारी साहले विधेयकमा 'महामारी'को परिभाषा थप स्पष्ट बनाउनुपर्ने बताइन् । उनले रोगको व्यापक भौगोलिक फैलावटलाई महामारीको आधार बनाउनुपर्ने धारणा राखिन् । एउटा स्थानमा एउटा पशुमा संक्रमण देखिँदैमा त्यसलाई महामारी घोषणा गर्न नमिल्ने उनको भनाइ थियो । समितिको बैठकमा विधेयकमाथिको दफावार छलफल सकिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०५/०५ मा दर्ता भएको **दर्ता नं. ५५४७५** को **एसियन हेरिटेज हेण्डिक्राफ्ट प्रा. लि.** को मिति २०८३/०५/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**युएईमा रोजगार**

कम्पनी: **PERFECT CHOICE ON DEMAND LABORS SUPPLY SERVICES LLC** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०५/२९ — चलानी नं.: ६०२६०९७५ — LT. No.: 347780

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/janitress | 0 | 80 | स. काममा दक्ष | 1400 | ५८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०५/२९ — चलानी नं.: ६०२६०९७७ — LT. No.: 347305

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ४१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ६ गते (22 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६३९/०६३/०६४

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो, सृजनटोलसँगै काठमाडौं
Phone - 014982296 | 9801175502, 9801012690, 9801051244, 9801175503,9801175510

**कतारमा रोजगार**

कम्पनी : **DIP STYLE FOR SELLING COSMETICS** — शहर : **QATAR**
पूर्व स्वीकृत मिति: २०८३/०५/२९ — चलानी नं.: ६०२६१००१ — LT. No.:347820

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1800 | ७५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cosmetics Salesladies | 0 | 5 | | 1800 | ७५,३४८ | | | | | | | |
| 3. | Drivers | 1 | 0 | | 1400 | ५८,६०४ | | | | | | | |
| 4. | Sales Employee | 1 | 0 | | 1900 | ७९,५३४ | | | | | | | |
| 5. | Sales Officer | 1 | 0 | | 2200 | ९२,०९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ६ गते (22 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILL LINK RECRUITMENT PVT. LTD.** Govt Lic. No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Surya Budhathoki : 9801180811, Tel No: +977 1 5925447, 5923447
Email: info@skilllink.com.np, Website: www.skilllink.com.np

**साउदीमा रोजगार**

कम्पनी: **INNOVATIVE FOODS INDUSTRIES COMPANY** — शहर : **RIYADH**
पूर्व स्वीकृत मिति: २०८३/०५/२९ — चलानी नं.: ६०२६१००३ — L.T. No.: 347833

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Packaging Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ४०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ६ गते (22 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CHERISH OVERSEASE PVT. LTD.** Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

**युएईमा रोजगार**

कम्पनी: **MAPA LIMAK CONSTRUCTION L.L.C** — शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०८३/०५/२९ — चलानी नं.: ६०२६१००० — L.T. No.: 347761

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 136 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ४१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Riggers | 50 | 0 | | 1500 | ६२,३२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ६ गते (22 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic ense No.: 1470/074 /075
**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Samakhushi, Kathmandu ☎ 01-4964211, 4974211
cvtoamc@gmail.com www.amgroup.com.np

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०८३ मंगलबार
15 September 2026 Tuesday

## सम्पादकीय

# हुन्डी–क्रिप्टोमा कडाइ होस्

सम्पत्ति शुद्धीकरण आर्थिक अपराधको एउटा गम्भीर रूप हो। यसले अपराधबाट कमाएको पैसा वैध देखाउने बाटो खोल्छ। यसले राज्यको वित्तीय प्रणाली कमजोर बनाउँछ। त्यसैले यसको जोखिम पहिचान गरेर प्रभावकारी नियन्त्रण गर्नु सरकारको प्राथमिकता हुनुपर्छ। 'नेपाल्स नेसनल रिस्क एसेसमेन्ट अन मनी लाउन्ड्रिङ, टेरोरिस्ट/प्रोलिफरेसन फाइनान्सिङ २०२६'ले नेपालमा सम्पत्ति शुद्धीकरणका प्रमुख जोखिम पहिचान गरेको छ। भ्रष्टाचार, करछली, सहकारी ठगी, साइबर ठगी, हुन्डी, भर्चुअल मुद्रा र कम्पनीको दुरूपयोग प्रमुख जोखिममा छन्। यो सूचीले नेपालको वित्तीय अपराधको बदलिँदो स्वरूप देखाउँछ।

विशेषगरी हुन्डी र क्रिप्टोकरेन्सी चुनौतीका रूपमा देखिएको छ। दुवै कारोबार नेपालमा कानुनतः प्रतिबन्धित छन्। तर प्रतिबन्ध हुँदाहुँदै कारोबार भइरहेको तथ्य आफैँमा राज्यको नियमन र निगरानी कमजोर रहेको प्रमाण हो। यसले कानुन बनाएर मात्र हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन पनि आवश्यक हुन्छ भन्ने देखाउँछ। सहकारी, घरजग्गा, बहुमूल्य धातु तथा पत्थरको कारोबार र क्यासिनो क्षेत्र पनि उच्च जोखिममा छन्। बैंकिङ प्रणालीमार्फत वित्तीय अपराधको रकम प्रवाह हुने भएकाले बैंकिङ क्षेत्रलाई पनि जोखिमयुक्त मानिएको छ। यसले सम्पत्ति शुद्धीकरण रोक्न एउटा मात्र निकाय सक्रिय भएर नपुग्ने देखाउँछ।

प्रतिवेदनले वित्तीय अनुसन्धान प्रणाली सुदृढ गर्नुपर्नेमा जोड दिएको छ। वित्तीय गुप्तचर इकाई र अनुसन्धान गर्ने निकायबीच सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्छ। सरकारी डाटाबेसमा डिजिटल पहुँच दिनुपर्छ। वास्तविक धनीको पहिचान सहज बनाउनुपर्छ। जफत र रोक्का सम्पत्तिको व्यवस्थित अभिलेख राख्नुपर्छ। अनुसन्धानमा संलग्न जनशक्तिलाई विशिष्टीकृत तालिम दिनुपर्छ।

अर्को महत्त्वपूर्ण पक्ष अन्तरनिकाय समन्वय हो। अख्तियार, प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, महान्यायाधिवक्ताको कार्यालय र अन्य निकायबीच सूचना आदानप्रदान प्रभावकारी हुनुपर्छ। एउटै अपराधमा फरक–फरक निकायले छुट्टाछुट्टै सूचना राखेर बस्ने अवस्था अन्त्य गर्नुपर्छ। सम्पत्ति शुद्धीकरण नियन्त्रण अपराधी पक्राउ गर्ने विषय मात्र होइन। अपराधबाट आएको रकम कहाँबाट आयो र कहाँ लगानी भयो भन्ने पत्ता लगाउनु मुख्य कुरा हो। त्यसका लागि प्रविधि, तथ्यांक र दक्ष जनशक्ति आवश्यक छ।

नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न पनि आफ्नो प्रणाली बलियो बनाउनुपर्छ। अहिले पहिचान भएका जोखिमलाई कागजमै सीमित नराखी कार्यान्वयनमा लैजानुपर्छ। हुन्डी र क्रिप्टोमा प्रभावकारी निगरानीसँगै सहकारी, घरजग्गा र बैंकिङ क्षेत्रमा जोखिममा आधारित नियन्त्रण आवश्यक छ। सम्पत्ति शुद्धीकरण रोक्न कानुनभन्दा पनि कार्यान्वयनको क्षमता निर्णायक हुन्छ। राज्यले जोखिम पहिचान गरिसकेको छ। अब त्यसलाई नियन्त्रण गर्ने दृढता देखाउनुपर्छ।

# जलवायु संकट र नेपालको अधिकार

नगण्य उत्सर्जन गर्ने नेपालजस्ता कम विकसित देशहरूले धनी र औद्योगिक राष्ट्रहरूको प्रदूषणको भारी बोक्नुपरेको छ। हिमाल पग्लिनु, अनपेक्षित बाढी-पहिराले मानवीय र आर्थिक क्षति हुनु केवल वातावरणीय समस्या मात्र नभई राष्ट्रिय अस्तित्वको संकट हो। अब नेपालले अन्तर्राष्ट्रिय मञ्चमा दया वा क्षतिपूर्ति होइन, अधिकारका रूपमा स्पष्ट र ठोस जलवायु न्याय माग्नुपर्दछ।

**अग्रलेख**



● खिमराज गिरी

जलवायु संकट र परिवर्तन भनेको पृथ्वीमा हुने मौसमको दीर्घकालीन र अनियमित फेरबदल हो। जलवायु परिवर्तन मानिसको दैनिक जीवन, उत्पादन प्रणाली र व्यवहारसँग प्रत्यक्ष रूपमा निर्भर रहन्छ। लामो समयको अवधिमा पृथ्वीको औसत तापक्रम, हावापानी, वर्षाको ढाँचा र मौसमी प्रणालीमा आउने उल्लेख्य बदलाव नै जलवायु परिवर्तन हो। यसले नेपालमा मात्र नभएर सिंगो विश्वमा नै गम्भीर असर पारिरहेको छ। यो कुनै प्राविधिक, वैज्ञानिक वा वातावरणीय अध्ययनमा मात्र सीमित विषय नभएर आममानिसको दैनिक जीवन, जीविकोपार्जन र समग्र अस्तित्वसँग जोडिएको विषय हो।

जलवायु परिवर्तनका कारणहरूलाई मुख्यतया दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ। पहिलो, प्राकृतिक कारण हुन्। यसअन्तर्गत ज्वालामुखी विष्फोटन, पृथ्वीको कक्ष र अक्षमा हुने सूक्ष्म परिवर्तन तथा प्राकृतिक ग्यासहरूको आन्तरिक उत्सर्जनजस्ता प्रक्रिया पर्दछन्। दोस्रो र सबैभन्दा घातक कारण भनेको मानवीय गतिविधि हो। पृथ्वीको भित्री सतहबाट अनियन्त्रित रूपमा खनिज पदार्थको उत्खनन, द्रुत गतिमा भइरहेको वनजंगल फँडानी, ठुला उद्योगधन्दाबाट निस्कने कार्बनडाइअक्साइडजस्ता हरितगृह ग्यासहरूको अत्यधिक उत्सर्जन र कृषि क्षेत्रबाट हुने मिथेन ग्यासको प्रभाव जलवायु परिवर्तनका मुख्य कारक हुन्। अठारौं शताब्दीको औद्योगिक क्रान्तिपछि सहरीकरण र औद्योगीकरण तीव्र रूपमा बढ्यो। मानिसहरू सुख-सुविधाको खोजीमा गाउँका पाखा-पखेरा छाडेर खोला-नदीका किनार र सहरतिर बसाइँ सर्न थाले। कलकारखाना र मानवीय चापका कारण वायुमण्डलमा ग्यासहरूको प्राकृतिक सन्तुलन बिग्रँदै गयो, जसले गर्दा आज जलवायु संकट विकराल रूपमा खडा भएको छ।



अहिले विश्वव्यापी परिवेशलाई नियाल्ने हो भने मौसमी चक्रमा अनौठा र त्रासद परिवर्तनहरू देखिएका छन्। नेपालकै सन्दर्भमा असार र साउन महिना किसानले खेतीपाती लगाउने मुख्य समय हो र यस समयमा पर्याप्त वर्षा हुनुपर्ने हो। तर अचेल असार-साउन सुक्खा जाने र भदौ-असोजतिर भारी वर्षा सुरु हुने उल्टो चक्र चलिरहेको छ। विगतका वर्षहरूमा असोज महिनामा आएको असामयिक बाढीपहिरोले व्यापक धनजनको क्षति पुऱ्याएको थियो। त्यस्तै, हालै गत भदौ महिनाको १० गते पनि भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले व्यापक जनधनको क्षति पुऱ्यायो र वातावरणीय संकटको भयावह रूप उजागर गऱ्यो। भारी वर्षा, अतिवृष्टि, खण्डलहर, लामो खडेरी र हिमाली भेगमा तीव्र गतिमा हिउँ पग्लिनुजस्ता घटना अब सामान्य बन्दै गएका छन्, जसले गर्दा सरोकारवाला निकायको ध्यान तत्काल यतातर्फ आकर्षित हुन आवश्यक छ।

विश्वव्यापी रूपमा हेर्दा समुद्रको सतह बढ्दै जाँदा माल्दिभ्स र बंगलादेशजस्ता तटीय मुलुकहरूको अस्तित्व नै संकटमा परेको छ। हाम्रा हिमाल काला पत्थरमा परिणत हुँदै छन्। कतै लामो खडेरी त कतै भीषण बाढीले जनधनको क्षति गर्नु नियमित नियतिजस्तै बनेको छ। यी सम्पूर्ण लक्षण जलवायु परिवर्तनले ल्याएको संकटका ज्वलन्त उदाहरण हुन्।

यसरी हेर्दा जलवायु परिवर्तन अब भविष्यको सम्भावित जोखिम वा परिकल्पना मात्र रहेन, यो त वर्तमानको कठोर र तितो वास्तविकता बनिसकेको छ। विडम्बना के छ भने, विश्वका शक्तिशाली र औद्योगिक देशहरूमा सञ्चालित कारखानाबाट निस्किएको धुवाँको प्रत्यक्ष असर नेपालजस्ता भौगोलिक रूपमा संवेदनशील देशमा परिरहेको छ। हिमाल पग्लिने र नदीहरू अनियन्त्रित हुने क्रम तीव्र छ। प्रदूषण फैलाउन मुख्य भूमिका खेल्ने धनी राष्ट्रहरू तुलनात्मक रूपमा सुविधायुक्त र सुरक्षित छन्, तर त्यसको चर्को मूल्य भने नगण्य उत्सर्जन गर्ने गरिब तथा अल्पविकसित मुलुकहरूले चुकाइरहेका छन्।

**गरिब देशको पीडा**

विश्व अर्थतन्त्र मजबुत बनाउने नाममा विकसित देशहरूमा सञ्चालित ठुला कलकारखाना, पेट्रोलियम पदार्थको अत्याधिक प्रयोग, समुद्री तथा हवाई यातायात र करोडौं गाडीहरूको सञ्चालनले समृद्धिको अवधारणा त ल्यायो, तर त्यसले पृथ्वीको तापक्रमलाई निरन्तर बढाइदियो। तापक्रम वृद्धिको यो प्रत्यक्ष मार नेपालजस्ता कम विकसित मुलुकले थेग्नुपर्ने बाध्यता सिर्जना भएको छ। भदौ १० गते भोटेकोशीमा आएको बाढी त्यसैको एउटा सानो उदाहरण हो, जसले विपद्को कालो बादल निरन्तर मडारिरहेको पुष्टि गर्दछ।

नेपाल एक्लैको प्रयासले मात्र यो विश्वव्यापी संकटको समाधान सम्भव छैन। तर पनि नेपालले आफ्नो तर्फबाट निभाउनुपर्ने दायित्व इमानदारीपूर्वक पूरा गर्नुपर्छ। वन संरक्षण, व्यापक वृक्षारोपण, जलस्रोतको संरक्षण, विद्युतीय सवारी साधनको प्रवर्धन, वैज्ञानिक फोहोर व्यवस्थापन, वातावरणमैत्री कृषि प्रणाली, जोखिमयुक्त बस्तीहरूको सुरक्षित स्थानान्तरण र संकटको समयमा संघीय, प्रदेश तथा स्थानीय सरकारबीचको तीव्र समन्वय जस्ता विषयमा हामी सधैं सजग र तत्पर रहनुपर्छ।

सेप्टेम्बर २०२६ मा आयोजना हुने संयुक्त राष्ट्रसंघको महासभामा नेपालका प्रधानमन्त्रीको सहभागिता केवल औपचारिक प्रतिनिधित्वमा मात्र सीमित हुनु हुँदैन। राष्ट्रसंघको त्यो मञ्चमा प्रधानमन्त्रीले नेपालले भोगिरहेको जलवायु पीडा र त्यसको समाधानका लागि विश्वसमुदायबाट ठोस प्रतिबद्धताको माग गर्नुपर्दछ। प्रधानमन्त्रीले विशेषगरी नेपाल जस्ता अल्पविकसित र हिमाली मुलुकहरूको पक्षमा निम्न विषयहरूलाई प्राथमिकताका साथ उठाउनु अनिवार्य छ :

जलवायु न्यायको स्पष्ट माग : विश्वव्यापी तापक्रम वृद्धिमा नेपालको भूमिका नगण्य छ, तर यसको असमान र भारी मूल्य नेपालले तिरिरहेको छ। त्यसैले उच्च उत्सर्जन गर्ने धनी मुलुकहरूले आफ्नो वित्तीय र नैतिक दायित्व पूर्ण रूपमा वहन गर्नुपर्छ।

हानि-नोक्सानी कोषबाट प्रत्यक्ष र अनुदान सहायता : जलवायु परिवर्तनका कारण नेपालले भोगिसकेको आर्थिक तथा गैर-आर्थिक क्षतिको सम्बोधनका लागि ' नोक्सानी कोष'बाट सरल, छिटो र अनुदानका रूपमा क्षतिपूर्ति रकम उपलब्ध गराइने व्यवस्था गरिनुपर्छ।

हिमालका लागि छुट्टै अन्तर्राष्ट्रिय प्राथमिकता : हिमाल केवल नेपालको प्राकृतिक सम्पत्ति मात्र होइन, यो सिंगो एसियाको जलस्रोत, जैविक विविधता र करोडौं मानिसको जीवनको आधार हो। त्यसैले हिमाली क्षेत्रको संरक्षणका लागि प्राप्त हुने सहयोग ऋणका रूपमा नभई पूर्ण अनुदान हुनुपर्छ। साथै, आधुनिक जलवायु प्रविधिमा नेपाल जस्ता मुलुकको सहज पहुँच सुनिश्चित गरिनुपर्छ। नेपाल, भुटान, भारत, पाकिस्तान र बंगलादेशजस्ता दक्षिण एसियाली तथा हिमाली देशहरूसँग सहकार्य गर्दै हिमाली जलवायु न्यायको साझा आवाज बुलन्द गरिनुपर्छ।

**सचेतना, पूर्वतयारी र निष्कर्ष**

जलवायु संकटको समाधानका लागि सरकार र विकसित मुलुकलाई मात्र दोष दिएर नागरिक दायित्वबाट पन्छिन मिल्दैन। आमनागरिकले पनि आफ्नो दैनिक जीवनशैलीमा परिवर्तन ल्याउनु आवश्यक छ। प्लास्टिकको प्रयोग घटाउने, पानी र ऊर्जाको बचत गर्ने, विद्युतीय सवारीसाधनको प्रयोग बढाउने, वन र नदीनालाको सरसफाइमा ध्यान दिने र जथाभावी फोहोर नफाल्नेजस्ता कार्यमा नागरिक सचेत हुनैपर्छ।

अर्कोतर्फ, सरकारले विपद् आउनुअघि नै पूर्वतयारी र जोखिम न्यूनीकरणका ठोस काम गर्नुपर्छ। विपद् व्यवस्थापन भनेको घटना घटेपछि हेलिकोप्टर उडाएर उद्धार गर्नु मात्र होइन। वास्तविक विपद् व्यवस्थापन भनेको जोखिमयुक्त क्षेत्रको पहिचान गर्नु, पूर्वसूचना प्रणाली चुस्त बनाउनु र तालिमप्राप्त युवा दस्ता तयार पारेर सम्भावित क्षति रोक्नु हो। विपद् आउन नदिने वातावरण सिर्जना गर्नु नै सबैभन्दा प्रभावकारी व्यवस्थापन हो।

निचोडमा भन्नुपर्दा, जलवायु परिवर्तन आज नेपालको हिमाल, पहाड र तराईको साझा चुनौती बनिसकेको छ। यसको असर केवल हिमाली बस्तीमा मात्र सीमित छैन, यसले नदीको बहाव, कृषि, खानेपानी, जलविद्युत्, पर्यटन र जैविक विविधता हुँदै समग्र अर्थतन्त्रलाई नै धराशायी बनाउँदै छ। त्यसैले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा नेपालको स्पष्ट सन्देश हुनुपर्छ- 'हामीले यो जलवायु संकट सिर्जना गरेका होइनौं, तर यसको मूल्य हामीले चुकाइरहेका छौं। नेपाललाई दया वा सहानुभूति होइन, जलवायु न्याय चाहिएको छ, भाषण होइन, क्षति तथा नोक्सानीको वास्तविक वित्तीय सहयोग चाहिएको छ।' नेपालका लागि जलवायु परिवर्तन वातावरणको मात्र विषय होइन, यो मानव अधिकार, राष्ट्रिय अस्तित्व, विकास र न्यायको विषय हो। तसर्थ, नेपालको आगामी अन्तर्राष्ट्रिय कूटनीतिको केन्द्रविन्दुमा जलवायु न्याय हुनैपर्छ।

# संकट : शासन कि विश्वव्यवस्था ?

**राजनीति**



● भुपेन्द्र थापा 'माधव'

*नेपालको संकट आन्तरिक शासन-संस्कार र बदलिँदो विश्वव्यवस्थाबीचको असन्तुलनको परिणाम हो। नयाँ राजनीतिक अनुहार र युवा आन्दोलनको जनादेशले सत्ता बदले पनि सुशासन, उत्पादनमुखी अर्थतन्त्र, संस्थागत क्षमता र प्रणालीगत सुधारबिना नागरिकको जीवन बदलिन सक्दैन। समाधानको पहिलो जिम्मेवारी नेपालकै हो।*

नेपालको वर्तमान संकटलाई केवल सरकारको अक्षमता, राजनीतिक दलहरूको कमजोरी वा प्रशासनिक अव्यवस्थाको परिणाम भनेर बुझ्नु अधुरो हुन्छ। तर यसको सम्पूर्ण दोष विश्वराजनीति, विश्व अर्थव्यवस्था वा बाह्य शक्तिलाई थोपरेर उम्कनु पनि त्यत्तिकै गलत हुन्छ। वास्तविकता यी दुईको बीचमा छ- नेपालको आन्तरिक शासन-संस्कार र बदलिँदो विश्वव्यवस्था बीचको असन्तुलनमा।

आज नेपाल एउटा यस्तो मोडमा उभिएको छ, जहाँ राजनीतिक परिवर्तनको गति सामाजिक अपेक्षाभन्दा छिटो छ, तर राज्यको संस्थागत क्षमता त्यही गतिमा रूपान्तरण हुन सकेको छैन। पुरानो राजनीतिक पुस्ताप्रति बढेको वितृष्णा, नयाँ पुस्ताको बेचैनी, रोजगारीको अभाव, भ्रष्टाचारप्रतिको आक्रोश, सामाजिक सञ्जालबाट निर्मित राजनीतिक चेतना र परिवर्तनको तीव्र आकांक्षाले नेपालको राजनीतिक परिदृश्यलाई नै बदलिदिएको छ। यही पृष्ठभूमिमा नयाँ पुस्ताबाट आएका प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारप्रति असाधारण अपेक्षा निर्माण भएको छ। यो केवल एउटा नयाँ सरकारको आगमन होइन, पुरानो राजनीतिक संस्कारप्रतिको जनअस्वीकृतिको अभिव्यक्ति पनि हो। तर प्रश्न अब सरकार कसरी बन्यो भन्ने होइन, सरकारले राज्य कसरी बदल्छ भन्ने हो।

विश्व बैंकको नेपाल विकास अद्यावधिकले पनि नेपालको अर्थतन्त्रमा संरचनागत कमजोरी, कमजोर निजी क्षेत्र, सीमित रोजगारी सिर्जना र वैदेशिक रोजगारीमाथिको उच्च निर्भरता कायम रहेको देखाएको छ। २०२५ को युवा आन्दोलनपछि भएको आर्थिक क्षति समेत करिब कुल गार्हस्थ उत्पादनको १.३ प्रतिशत बराबर अनुमान गरिएको छ। यसले एउटा गम्भीर प्रश्न जन्माउँछ– नेपालमा सरकार परिवर्तन भइरहेको छ, तर नागरिकको जीवन किन अपेक्षित गतिमा परिवर्तन भइरहेको छैन ?

**परिवर्तनको राजनीति र राज्यको चरित्र**

नेपालले पछिल्ला दशकमा शासन व्यवस्था धेरैपटक बदल्यो। राजतन्त्रबाट गणतन्त्र, एकात्मकबाट संघीय संरचना, द्वन्द्वबाट शान्ति, संविधान निर्माणदेखि नयाँ दलहरूको उदयसम्म नेपाली समाजले ठुल्ठुला राजनीतिक रूपान्तरण देख्यो। तर राजनीतिक परिवर्तन र सामाजिक-आर्थिक रूपान्तरण एउटै कुरा होइनन्। व्यवस्था बदलिन सक्छ, संविधान बदलिन सक्छ, निर्वाचनबाट नयाँ दल आउन सक्छ र प्रधानमन्त्रीको अनुहार पनि बदलिन सक्छ। तर राज्यको निर्णय गर्ने संस्कार, प्रशासनको कार्यशैली, सार्वजनिक स्रोतको वितरण, भ्रष्टाचारको संरचना, राजनीतिक संरक्षण र नागरिकप्रतिको जवाफदेहिताको संस्कृति नबदलिएसम्म नागरिकले परिवर्तनको अनुभूति गर्न सक्दैन।

त्यसैले आजको नेपालमा सबैभन्दा ठुलो प्रश्न सरकारको होइन, राज्यको चरित्रको हो। नयाँ पुस्ताले पुराना दललाई अस्वीकार गर्नुको पछाडि केवल राजनीतिक फेसन थिएन। त्यसको पछाडि बर्सौंदेखि जम्मा भएको निराशा थियो- रोजगारी, अवसर र राज्यबाट न्याय नपाएको निराशा। नेपालको युवा आन्दोलनले यही असन्तोषलाई राजनीतिक शक्तिमा रूपान्तरण गऱ्यो। अब नयाँ सरकारको सबैभन्दा ठुलो चुनौती यही हो- उसले त्यो असन्तोषलाई शासन सुधारमा रूपान्तरण गर्न सक्छ कि सक्दैन ?

नयाँ प्रधानमन्त्री हुनु आफैंमा परिवर्तनको प्रमाण होइन। परिवर्तन त्यतिबेला देखिन्छ, जब सरकारी कार्यालयमा नागरिकले घुस नदिई काम पाउँछ, जब किसानले उत्पादनको उचित मूल्य पाउँछ, जब युवाले विदेश जानुलाई बाध्यता होइन, विकल्पका रूपमा हेर्न सक्छ।




त्यसैले वालेन्द्र शाह सरकारको सफलता प्रशासनिक सुधार, आर्थिक उत्पादन, रोजगारी, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवामा हुनेछ।

दक्षिण एसिया अहिले राजनीतिक संक्रमणको नयाँ चरणमा छ। श्रीलंकामा २०२२, बंगलादेशमा २०२४ र नेपालमा २०२५ मा युवा आन्दोलनले स्थापित सत्तालाई चुनौती दिए। नयाँ पुस्ता अब केवल शासन परिवर्तन चाहँदैन, ऊ जीवनको सम्भावना परिवर्तन चाहन्छ। उसको राजनीतिक प्रश्न अब 'कसले शासन गर्छ ?' भन्ने मात्र छैन, उसको प्रश्न हो,- 'मेरो भविष्य कहाँ छ ?'

यसको पछाडि विश्व अर्थराजनीतिको ठुलो परिवर्तन पनि छ। आज नेपालको अर्थतन्त्र संसारसँग गहिरोसँग जोडिएको छ। वैदेशिक रोजगारी, विप्रेषण, पर्यटन, आयात र अन्तर्राष्ट्रिय बजारका उतारचढावले नेपाली जनजीवनलाई प्रत्यक्ष प्रभावित गर्छन्। विश्व बैंकले नेपालको आर्थिक वृद्धिदरमा मध्यपूर्वको द्वन्द्व, इन्धनको बढ्दो मूल्य र विप्रेषणमा पर्ने जोखिमलाई महत्त्वपूर्ण बाह्य चुनौतीका रूपमा औंल्याएको छ। बाह्य धक्का अपरिहार्य हुन सक्छ, त्यसको सामना गर्ने राज्यको क्षमता भने नेपालको आफ्नै जिम्मेवारी हो।

हामीसँग जलस्रोत, कृषि भूमि, पर्यटन र युवा जनशक्ति छ, तर सम्भावनालाई परिणाममा बदल्ने राज्य क्षमता कमजोर छ। विश्व अहिले बहुध्रुवीय प्रतिस्पर्धातर्फ बढिरहेको छ। भारत र चीनको बीचमा रहेको नेपालले शक्ति रोज्ने होइन, स्पष्ट राष्ट्रिय हित र सन्तुलित कूटनीति रोज्न सक्नुपर्छ।

**सुशासन, प्रणालीगत सुधार र आगामी बाटो**

सुशासन भनेको केवल भ्रष्टाचारविरोधी नारा होइन। सुशासन भनेको नीति स्थिरता, छिटो निर्णय, जवाफदेही प्रशासन, निष्पक्ष न्याय र सार्वजनिक खर्चको प्रभावकारिता हो। नेपाललाई अब व्यक्तिको शुद्धता मात्र होइन, प्रणालीको शुद्धता चाहिएको छ। सत्ता परिवर्तनपछि युवा र नयाँ राजनीतिक शक्तिको पनि परीक्षा सुरु भएको छ। सडकमा प्रश्न उठाउनु र शासन चलाउनु फरक कुरा हुन्। जनादेश बलियो हुँदैमा स्थिरता सुनिश्चित हुँदैन, लोकप्रिय अपेक्षा पूरा गर्न नसके नयाँ सरकारमाथि पनि असन्तोष फर्किन सक्छ।

नेपाललाई अब अर्को राजनीतिक नाराभन्दा राष्ट्रिय पुनर्निर्माणको व्यावहारिक योजना चाहिएको छ। यसका लागि कृषिलाई निर्वाहमुखीबाट आधुनिक उत्पादनमुखी बनाउँदै जलविद्युत्लाई स्वदेशी उद्योग र रोजगारी सिर्जना गर्ने बलियो आधारका रूपमा विकास गर्नुपर्छ। सूचना प्रविधि, पर्यटन र सेवा क्षेत्रलाई नयाँ अर्थतन्त्रको मुख्य मेरुदण्ड बनाउँदै देशभित्र रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई अनावश्यक प्रशासनिक झन्झटबाट मुक्त गराउनु उत्तिकै आवश्यक देखिन्छ। साथै, सार्वजनिक प्रशासनलाई प्रक्रियामुखी होइन, परिणाममा आधारित बनाउनुपर्छ भने शिक्षालाई प्रमाणपत्र बाँड्ने परम्पराबाट मुक्त गरी सीप र अनुसन्धानमुखी ढाँचामा रूपान्तरण गर्नुपर्छ। वैदेशिक रोजगारी तथा त्यसबाट प्राप्त हुने विप्रेषणलाई उपभोगमा मात्र सीमित नराखी उत्पादनशील लगानीमा परिचालन गर्ने, कूटनीतिलाई राष्ट्रिय आर्थिक हितसँग जोड्ने र राजनीतिक स्थिरतालाई विकासको पूर्वाधार बनाउने ठोस योजना अपनाउन सके मात्र नेपालको वास्तविक रूपान्तरण सम्भव छ।

अन्ततः हाम्रा भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती र कमजोर उत्पादन संरचना बाहिरबाट आएका होइनन्। त्यसैले नेपालको संकट शासनको पनि हो र विश्वव्यवस्थाको पनि हो, तर समाधानको पहिलो जिम्मेवारी नेपालको आफ्नै हो। यदि नेपालले आफ्नो राज्य क्षमता बदल्न सकेन भने बाह्य परिवर्तन हरेकपटक संकट बनेर आउनेछ। तर सुशासन, उत्पादन, ऊर्जा र कूटनीतिमा नयाँ आधार निर्माण गर्न सकियो भने बदलिँदो विश्वव्यवस्था अवसर पनि बन्न सक्छ।

आज नेपाल एउटा सरकारको परीक्षामा मात्र छैन, सिंगो पुस्ता र राज्यको चरित्रको परीक्षामा छ। इतिहासले अन्ततः यही प्रश्न सोध्नेछ- युवाले सत्ता बदलेपछि राज्य बदलियो कि फेरि केवल सत्ताको अनुहार मात्र बदलियो ? यदि उत्तर 'अनुहार बदलियो, जीवन बदलिएन' भयो भने नेपालले अर्को राजनीतिक विस्फोटको बीउ आफैं रोपिरहेको हुनेछ। नेपाललाई अब अर्को परिवर्तनको प्रतीक्षा होइन, भएको परिवर्तनलाई परिणाममा बदल्ने क्षमता चाहिएको छ। त्यसैले उत्तर खोज्दा औंला बाहिर होइन, पहिले आफ्नै राज्यतर्फ फर्काउनुपर्छ।

**इतिहासको पाना** ● सन्तोष खडेरी

## वीरशमशेरले खोलेको 'पाइषाना अड्डा'




करिब १२९ वर्षअघि वि.सं. १९५४ (सन् १८९७)मा काठमाडौंमा 'श्री पाइषाना अड्डा' अस्तित्वमा थियो। श्री ३ वीरशमशेरको पालामा स्थापित यो अड्डा उपत्यकाको सरसफाइ हेर्ने मुख्य सरकारी निकाय थियो।

यस अड्डाले सार्वजनिक ठाउँमा जथाभावी फोहर गर्ने र शौच गर्नेहरूलाई नियन्त्रणमा लिई जरिवाना गर्थ्यो। तत्कालीन समयमा काठमाडौंमा चर्पीको अभाव थियो। वि.सं. १९५४ पौष बदी १ मा चर्पी नभएको ठाउँमा फोहर गर्ने एक व्यक्तिलाई कृष्णमान भन्ने नागरिकले समातेर अड्डामा बुझाएका थिए। त्यसबापत पाइषाना अड्डाले १६ पैसा जरिवानाको रसिद काटेको थियो।

रसिदमा 'फेरि फोहर गरेबापत सवालबमोजिम जरिवाना हुनेछ' लेखिएको छ। यसले त्यतिबेला नै सरकारले फोहरमैला व्यवस्थापनसम्बन्धी स्पष्ट कानुन वा 'सवाल' जारी गरिसकेको बुझाउँछ। यही 'पाइषाना अड्डा' पछि विस्तार भएर 'छेमडेल अड्डा' बन्यो। कालान्तरमा यही छेमडेल अड्डा नै काठमाडौं नगरपालिकाको रूपमा विकसित भयो।

तस्बिरः एआई, स्रोत : इतिहासविद् जगदीशचन्द्र रेग्मीको 'श्री पाइषाना अड्डा'।

# भोटेकोशी बाढीपछि पुनर्स्थापनामा प्रहरीको सक्रियता



**काठमाडौं/मस–** भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा नेपाल प्रहरीले उद्धारपछि पुनःस्थापना तथा जनजीवन सामान्य बनाउन सक्रियता बढाएको छ। बाढीले नदी तटीय क्षेत्रका बस्ती, सडक तथा पुलमा ठूलो क्षति पुऱ्याएपछि प्रहरीले घर, सार्वजनिक संरचना तथा सडकमा थुप्रिएको ढुंगा, माटो, बालुवा र भग्नावशेष हटाउने कामलाई प्राथमिकता दिएको हो।

बाढी प्रभावित नागरिकको दैनिक जीवन सहज बनाउन प्रहरीले स्थानीय तह, स्थानीय बासिन्दा तथा अन्य सुरक्षा निकायसँग समन्वय गरी घर तथा सार्वजनिक संरचनाको सरसफाइ गरिरहेको छ। विद्यालय, स्वास्थ्य संस्था लगायतका सार्वजनिक महत्वका भवनमा जम्मा भएका ढुंगामाटो र भग्नावशेष हटाएर पुनः सञ्चालनमा ल्याउनसमेत प्रहरीले सहयोग गरिरहेको छ। नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्लेका अनुसार प्रभावित नागरिकलाई सामान्य जीवनयापनमा फर्काउन प्रहरी निरन्तर खटिरहेको छ।

'बाढी प्रभावित क्षेत्रहरूमा नागरिकको जीवनयापनलाई सहज बनाउन नेपाल प्रहरी थप क्रियाशील भएर लागि परेको छ। पीडितहरूको घर सफा गर्ने, भग्नावशेषबाट भेटिएका नागरिकका धनमाल सम्बन्धित धनीलाई बुझाउने, स्कुल, स्वास्थ्य संस्थाहरूमा जम्मा भएका ढुंगामाटो हटाउन नेपाल प्रहरी अहोरात्र खटिरहेको छ,' काफ्लेले भने।

बाढीबाट घर, परिवार तथा सम्पत्ति गुमाएका नागरिकमा उत्पन्न हुन सक्ने मनोवैज्ञानिक असरलाई समेत ध्यानमा राख्दै प्रहरीले मनोपरामर्श सेवा प्रदान गरिरहेको जनाएको छ। विशेषगरी ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामा बाढीका कारण उत्पन्न त्रास र मानसिक तनाव कम गर्न आवश्यक सहजीकरण भइरहेको प्रहरीले जनाएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत बाढी प्रभावित क्षेत्रमा रहेका सामुदायिक प्रहरी शाखामार्फत स्थानीय समुदाय, महिला, बालबालिका, युवा, स्थानीय जनप्रतिनिधि तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य भइरहेको छ। यसमार्फत प्रभावित नागरिकको पुनःस्थापनामा प्रहरीले सहजीकरण गरिरहेको छ।

त्यस्तै, विभिन्न जिल्लाका होल्डिङ सेन्टर तथा अन्य स्थानमा रहेका महिला, बालबालिका र ज्येष्ठ नागरिकविरुद्ध हुन सक्ने दुर्व्यवहार तथा हिंसाका घटनाप्रति समेत प्रहरीले संवेदनशील भएर काम गरिरहेको जनाएको छ। उद्धार गरिएका व्यक्तिलाई राहत वितरण गर्दा स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी व्यवस्थित र पारदर्शी रूपमा काम भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बाढी प्रभावित जिल्लामा समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत हालसम्म १ सय ९६ वटा कार्यक्रम सञ्चालन गरिएका छन्। ती कार्यक्रमबाट ४७ हजार ७ सय ७४ जना लाभान्वित भएका छन्।

बाढीपछिको व्यवस्थापनका लागि प्रहरीले टी-टु-टी अप्रेसन समेत सञ्चालन गरिरहेको जनाएको छ। यसअन्तर्गत प्रभावित क्षेत्रमा बाढीपछि आवश्यक व्यवस्थापन तथा पुनःस्थापनाका विभिन्न काम अघि बढाइएको छ।

बाढीपछि स्थानीय बासिन्दामा अझै पनि त्रास र चिन्ता कायम रहेको छ। एक स्थानीय महिलाका अनुसार बाढीले घर बगाउनुका साथै कतिपय घर माटोले पुरिएका छन्। घर सफा गर्ने तथा सामान सुरक्षित स्थानमा सार्ने क्रममा प्रहरीले सहयोग गरिरहेको उनले बताइन्। 'बाढीले धेरैको घरहरू बगायो। केही घरहरू माटोले पुरिएका छन्। हामी घरहरू खोतल्दै गर्दा प्रहरीहरू आएर हामीलाई हिलो सरसफाइ अनि सामानहरू सार्न सहयोग गरिरहेका छन्। प्रहरीसँग मिलेर काम गर्दा छिटो पनि हुने रहेछ,' उनले भनिन्। प्रहरीको निरन्तर उपस्थितिले बाढी प्रभावित नागरिकमा हौसला बढेको र विपद्पछिको पुनःस्थापनामा केही सहजता भएको स्थानीयको भनाइ छ।

# शिक्षामन्त्रीद्वारा गजेन्द्रनारायण सिंह अस्पतालको स्थलगत अवलोकन



**काठमाडौं/मस–** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको स्थलगत निरीक्षण गरेका छन्। सप्तरीकी बविताकुमारी पासवानले अस्पतालको गेटमै प्रसूति गर्नुपरेको हालैको घटनाबारे जानकारी लिन मन्त्री पोखरेल अस्पताल पुगेका हुन्। उनले उपचाररत पासवानसँग भेट गरी आमा र नवजात शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन्।

अस्पताल प्रशासनका अनुसार आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ। पासवानको बेड नम्बर २२ मा उपचार तथा स्याहार भइरहेको छ।

मन्त्री पोखरेलले अस्पतालको सेवा प्रवाह, पूर्वाधार तथा जनशक्तिको अवस्थाबारे जानकारी लिएका थिए। अस्पतालको सेवा विस्तार तथा सुदृढीकरणका लागि आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य सेवाको व्यवस्थापनका विषयमा पहल गर्ने उनले बताएका छन्।

# आइसियूमा अन्तर्वार्ता प्रसारणबारे प्रेस काउन्सिलको ध्यानाकर्षण




**काठमाडौं/मस–** अस्पतालको सघन उपचार कक्ष (आइसियू)मा उपचाररत बिरामीसँग लिइएको अन्तर्वार्ता सार्वजनिक भएको विषयमा प्रेस काउन्सिल नेपालले गम्भीर ध्यानाकर्षण भएको बताएको छ। काउन्सिलले उक्त विषयमा सम्बन्धित अस्पताल र सञ्चारमाध्यमलाई औपचारिक पत्राचार गरेको जनाएको छ।

काउन्सिलका अनुसार 'इनसाइड द बंकर' नामक युट्युब च्यानलमार्फत आइसियूमा उपचाररत बिरामीसँग लिइएको अन्तर्वार्ता प्रसारण भएपछि यसप्रति ध्यानाकर्षण भएको हो। उक्त सामग्री रसुवामा आएको बाढीपछि त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाबाट १० दिनपछि उद्धार गरिएका व्यक्तिहरूसँग सम्बन्धित रहेको छ।

यसअघि पनि सगरमाथा क्षेत्रमा हराइरहेका एक पथप्रदर्शक सात दिनपछि फेला परेपछि, उपचाररत अवस्थामै आइसियूमा अन्तर्वार्ता लिइ 'बिबिसी नेपाली' बाट प्रसारण गरिएको सामग्रीप्रति समेत काउन्सिलले चासो देखाएको छ।

काउन्सिलले यस्ता सामग्री पत्रकार आचारसंहिताभित्र परे-नपरेको विषयमा थप अध्ययन र अनुगमन गरिरहेको जनाएको छ। आवश्यक छानबिनका लागि सम्बन्धित सञ्चारकर्मी, अस्पताल तथा नेपाल मेडिकल काउन्सिलसँग पनि समन्वय सुरु गरिएको काउन्सिलका सहप्रशासकीय अधिकृत तथा सहप्रवक्ता रामशरण बोहराले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। काउन्सिलले स्वास्थ्य अवस्थासँग संवेदनशील विषयमा समाचार सम्प्रेषण गर्दा नैतिक मापदण्डको कडाइका साथ पालना गर्न सञ्चारमाध्यमलाई आग्रह गरेको छ।

# रौतहटमा काटिएका सालका रुख र लालबकैया खोलाको नयाँ तस्करी शैली

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ भदौ



रौतहटको राष्ट्रिय वन क्षेत्रबाट अवैध रूपमा सालका रुख कटान गरी खोलाको बाटो हुँदै काठ तस्करी भइरहेको नयाँ र डरलाग्दो शैलीको खुलासा भएको छ। तस्करहरूले सडक तथा परम्परागत पैदल मार्ग छाडेर खोलाको तीव्र बहाव र पानीको प्रयोग गरी काठ ओसारपसार गर्न थालेपछि डिभिजन वन कार्यालय र सुरक्षा निकाय अचम्मित बनेका छन्।

विशेष सूचनाका आधारमा खटिएको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको गस्ती टोलीले लालबकैया खोलाको धारबाट बगाएर ल्याउँदै गरिएको २७.४७ क्युबिक फिट अवैध सालको काठ नियन्त्रणमा लिएपछि तस्करीको यो नयाँ तथा जोखिमपूर्ण मोडल बाहिर आएको हो।

जंगलसहिया सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने लालबकैया खोलाको गर्जा पुलभन्दा करिब २०० मिटर उत्तर (माथिल्लो भाग) बाट सोमबार बिहान करिब २ बजेको समयमा उक्त काठ बरामद गरिएको हो।

अवैध काठ चोरी-निकासी भइरहेको सूचना पाएपछि वन अधिकृत अनिलकुमार महतो, विनोद जेठरा र शेरबहादुर बुढा सम्मिलित संयुक्त गस्ती टोली रातको समयमा खोला किनारमा निगरानीका लागि खटिएको थियो। टोलीले अँध्यारोमा खोलाको पानीमा तैरँदै र बग्दै आएको गोलिया देखेपछि तत्कालै नियन्त्रणमा लिएको थियो।

घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै थप सहयोगका लागि जंगलसहिया सब-डिभिजन वन कार्यालयका कर्मचारी तथा सशस्त्र प्रहरी बलको संयुक्त टोली पनि तुरुन्तै घटनास्थल पुगेको थियो।

नियन्त्रणमा लिइएका काठहरूमा सालको गोलिया ४ थान, सालको चौपाटाः १ थान, कुल परिमाण २७.४७ क्युबिक फिट रहेका छन्।

वन टोलीको उपस्थिति र सक्रियता चाल पाएपछि काठ पानीमा बगाएर ल्याउँदै गरेका तस्करहरू भने रातको अँध्यारो र खोलाको झाडीको फाइदा उठाउँदै काठ छाडेर फरार भएका थिए। सडक क्षेत्र तथा नाकाहरूमा वन कर्मचारी र सुरक्षाकर्मीको कडा निगरानी पछि तस्करहरूले खोलाको पानीलाई ओसारपसारको माध्यम बनाएको देखिन्छ। वर्षात्को समयमा खोलामा पानीको बहाव बढी हुने र रातको समयमा मानिसको आवतजावत कम हुने भएकाले तस्करहरूले यो नयाँ बाटो अपनाएको पाइएको छ।

यसरी खोलामा काठ बगाएर ओसारपसार गर्दा दुर्घटनाको जोखिम उच्च हुनाका साथै वन पैदावारको क्षतिसमेत हुने गर्दछ। तस्करहरूले प्रयोग गरेको यो नयाँ शैलीले वन सुरक्षाकर्मी र स्थानीय प्रशासनका अगाडि नयाँ र जटिल चुनौती थपिदिएको छ। बरामद गरिएको काठलाई आवश्यक कानुनी प्रक्रिया पुरा गरी डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको नियन्त्रणमा राखिएको छ। घटनाबारे थप अनुसन्धान अघि बढाइएको र काठ तस्करीमा संलग्न व्यक्तिहरूको पहिचान भइरहेको डिभिजन वन कार्यालयले जनाए। तस्कर समूहको खोजीका लागि सूक्ष्म गस्ती र सूचना संकलनलाई थप चुस्त बनाइएको वन अधिकारीहरूले बताए।

# बाढीले क्षतिग्रस्त उत्तरगया धामको पुनर्निर्माणका लागि पञ्चधाम सेवा केन्द्रको अपिल

**काठमाडौं/मस–** श्री पञ्चधाम सेवा केन्द्र, नेपालले बाढीबाट क्षतिग्रस्त बनेको उत्तरगया धामको संरक्षण तथा पुनर्निर्माणका लागि संस्थागत अपिल गरेको छ।

केन्द्रका महासचिव लक्ष्मण प्रसाद बिडारीले सामाजिक सञ्जाल फेसबुकमार्फत बाढीबाट प्रभावित धाम पुनर्स्थापनाका लागि राज्यका सम्बन्धित निकाय, स्थानीय तह, धार्मिक संघ-संस्था, सामाजिक अभियन्ता, व्यवसायी, प्रवासी नेपाली तथा श्रद्धालु भक्तजनहरूलाई एकजुट भएर सहयोग गर्न आग्रह गरेका छन्। केन्द्रले सञ्चालन गर्दै आएको पञ्चधाम अभियानअन्तर्गत गोसाइँकुण्ड, उत्तरगया, दुप्चेश्वर, बौडेश्वर र पशुपतिनाथलाई धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पर्यटनमार्फत जोड्दै क्षेत्रीय विकास र स्थानीय आयआर्जन वृद्धि गर्ने लक्ष्य राखिएको छ।

पछिल्लो समय त्रिशूली नदीमा आएको बाढीका कारण उत्तरगया धामसहित आसपासका संरचनामा ठुलो क्षति पुगेको छ। यसले नियमित धार्मिक गतिविधि, तीर्थयात्रा र स्थानीय जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको महासचिव बिडारीले उल्लेख गरेका छन्। 'धामको पुनर्निर्माण केवल भौतिक संरचनाको पुनर्निर्माण मात्र नभई धार्मिक आस्था, संस्कृति र स्थानीय भविष्यको पुनःनिर्माण पनि हो,' अपिलमा भनिएको छ।

# बाढीपीडितको चिरशान्तिको कामना गर्दै चरिकोटमा महाआरती



**राजकुमार भुजेल/मध्यान्ह**
चरिकोट, २९ भदौ

हरितालिका तीजको अवसर पारेर दोलखाको सदरमुकाम चरिकोटमा रसुवा, नुवाकोट र धादिङमा बाढीपहिरोका कारण ज्यान गुमाएकाहरूको चिरशान्तिको कामना गर्दै महाआरती तथा १०८ दीप प्रज्वलन गरिएको छ। बाढी तथा पहिरोका कारण ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतक आत्माको चिरशान्तिको कामना गर्ने उद्देश्यले आयोजित कार्यक्रममा धार्मिक विधिअनुसार महाआरती गरिएको हो।

कार्यक्रममा तीन जना गुरुबाट पशुपतिनाथ, बागमती, गंगा तथा गौरीशंकरको महाआरती गरिएको आयोजकले जनाएको छ।

सो अवसरमा १०८ वटा दीप प्रज्वलन गरी विपद्मा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो। दीप प्रज्वलनसँगै मृतकका परिवारजनप्रति समवेदना व्यक्त गर्दै विपद्बाट प्रभावितहरूको शीघ्र पुनःस्थापनाको कामनासमेत गरिएको थियो। धार्मिक तथा सामाजिक भावनासँग जोडिएको कार्यक्रममा स्थानीय नागरिक, व्यवसायी तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो। तीजको अवसरलाई मनोरञ्जनमा मात्र सीमित नराखी विपद्मा ज्यान गुमाएकाहरूको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकको भनाइ छ।

सेतीदेवी झारफुक परामर्श केन्द्र, तारथली, दोलखा जिल्ला होटल तथा पर्यटन व्यवसायी संघ, चरिकोटलगायत विभिन्न संस्था तथा समूहको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमले विपद्मा ज्यान गुमाएकाहरूको सम्झना गर्दै पीडित परिवारप्रति सहानुभूति र सामाजिक एकताको सन्देश दिएको सहभागीहरूले बताएका छन्।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०१/०९ मा दर्ता भएको **प्रा. लि. नं. २४६६४५/०७७/०७८** को **फुलबारी टेक कन्सल्ट्यान्ट प्रा. लि.** को मिति २०८३/०४/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**स्थानीय सरकार**
**Local Government**
**छत्रेश्वरी गाउँपालिका**
**Chhatreshwori Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office Of The Rural Municipal Executive**
**भोटेचौर, सल्यान**
**Bhotechaur, salyan**
**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/३० गते)**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६), दफा ६४ उपदफा १ (च), कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश आर्थिक ऐन २०८३ को दफा ११ को उपदफा (१) र सो सँग सम्बन्धित अनुसुची ७ र छत्रेश्वरी गाउँपालिकाको तपसिलका नदीहरूको घाटहरूबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा व्यवस्था भएअनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व. २०८३/८४ जेष्ठ मसान्तसम्मको लागि शिलबन्दी दरभाउपत्र गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलमा उल्लेखित कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८२/८३ को कर चुक्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा को प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन/संकल तथा विक्री परिमाण (घन मिटर) | उत्खनन/संकलन तथा विक्री परिमाण - घन फिट | न्यूनतम ठेक्का रकम (कर बाहेक.) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | CRM-SQ-RIVERGOODS-01-2083/84 | माथिल्लो भुमिस्वर | २७०० | ९५३५० | ४७६७४८।४५ | कबोल अंकको ५(पाँच) प्रतिशत | |
| | | तल्लो भुमिस्वर | २८१३ | ९९३४० | ४९६७०१।२५ | | |
| | | भोटेचौर | ३५३९ | १२४९७९ | ६२४८९३।६२ | | |
| २. | CRM-SQ-RIVERGOODS-02-2083/84 | अमिलेटारी | २२४० | ७९१०५ | ३९५५२४।६४ | | |
| | | राङसी | ५००० | १७६५७४ | ८८२८६७।५० | | |
| | | जिताथान | १०२० | ३६०२१ | १८०१०४।९७ | | |
| | | जम्मा | १७३१२ | ६११३६८ | ३०५६८४०।४३ | | |

अन्य विस्तृत विवरण छत्रेश्वरी गाउँपालिकाको वेवसाइट https://chhatreshworimun.gov.np हेर्न सकिनेछ।

# निलम्बन फुकुवाको मागसहित एन्फाले राखेपमा धर्ना दिने

**काठमाडौं/मस-** अखिल नेपाल फुटबल संघ (एन्फा)माथि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले लगाएको निलम्बनको विषय झन् जटिल बन्दै गएको छ । निलम्बन फुकुवाका लागि सरकारी पहल पर्याप्त नभएको आरोप लगाउँदै एन्फाले अब आन्दोलनको बाटो रोज्ने निर्णय गरेको छ । सोही क्रममा एन्फाले मंगलबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) परिसरमा ज्ञापनपत्रसहित धर्ना दिने औपचारिक कार्यक्रम सार्वजनिक गरेको छ ।

एन्फा महासचिव किरण राईका अनुसार, निलम्बनका कारण नेपाली फुटबल पूर्ण रूपमा ठप्प बनेको छ । अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता अनिश्चित बनेको छ भने साफ गेम्समा खेल्ने-नखेल्ने अवस्था समेत अन्योलमा परेको छ ।

एन्फाले मंगलबार बिहान ११ बजे राखेपका पदाधिकारीलाई ध्यानाकर्षण पत्र बुझाउने, त्यसपछि करिब एक घण्टा धर्ना दिने र लगत्तै पत्रकार सम्मेलन गर्ने कार्यक्रम तय गरेको छ । यो निर्णय एन्फा सचिवालयले कर्मचारी, रेफ्री र प्रशिक्षकसँग गरेको विस्तृत छलफलपछि लिएको हो । छलफलमा झन्डै ५० जना कर्मचारीको सहभागिता रहेको थियो ।



एन्फामा करिब ७० जना कर्मचारी कार्यरत रहेका छन् । निलम्बनपछि नियमित गतिविधि ठप्प हुँदा उनीहरूले तलबसमेत पाउन सकेका छैनन् । कर्मचारीहरूलाई धर्नामा सहभागी हुन आह्वान गरिएको भए पनि कसैलाई बाध्य नगरिएको बताइएको छ ।

फिफाले गत जुन २४ देखि लागू हुने गरी एन्फालाई अनिश्चितकालीन निलम्बन गरेको थियो । फिफाले एन्फाको कामकारबाहीमा 'तेस्रो पक्षको हस्तक्षेप' भएको ठहर गर्दै आफ्ना विधानविपरीत गतिविधि भएको निष्कर्ष निकालेको थियो । विशेषगरी एन्फा निर्वाचन प्रक्रियामा राखेपको हस्तक्षेपलाई फिफाले सदस्य संघको स्वायत्तताविरुद्ध मानेको हो ।

एन्फा र राखेपबीचको विवाद चैत महिनादेखि नै चर्किएको थियो । एन्फाले केन्द्रीय निर्वाचनको मिति घोषणा गरेपछि राखेपले तहगत निर्वाचन सम्पन्न गर्न निर्देशन दिएको थियो । तर, एन्फाले सो निर्देशन पालना नगरेको भन्दै राखेपले निर्वाचन हुनुभन्दा दुई दिनअघि एन्फालाई तीन महिनाका लागि निलम्बन गरेको थियो । पछि जेठ १ गते उक्त निलम्बन फुकुवा भए पनि विवाद समाधान हुन सकेन ।

यस्तै, एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङसहित २४ जनालाई विदेश भ्रमणमा रोक लगाइएको घटनाले पनि स्थिति झन् जटिल बनाएको थियो । विश्वकप उद्घाटन समारोहमा सहभागी हुन मेक्सिको जान लागेका एन्फा पदाधिकारीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै फर्काइएको थियो । राखेपको सिफारिसमा गरिएको उक्त निर्णयलाई फिफाले सरकारी हस्तक्षेपका रूपमा लिएको थियो ।

फिफाले सो घटनाबारे स्पष्टीकरण मागेको भए पनि सन्तोषजनक जवाफ नआएको निष्कर्षसहित नेपाललाई निलम्बन गर्ने निर्णय गरेको बताइएको छ । सन् १९७२ मा फिफाको सदस्य बनेयता एन्फा पहिलोपटक यस्तो निलम्बनको सामना गरिरहेको हो ।

निलम्बनपछि नेपाल फिफा र एसियाली फुटबल महासंघ (एएफसी) अन्तर्गतका सबै अन्तर्राष्ट्रिय गतिविधिबाट बाहिरिएको छ । राष्ट्रिय टोली तथा क्लबहरूले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाएका छैनन् । साथै, नेपाली रेफ्रीहरूले अन्तर्राष्ट्रिय खेल सञ्चालन गर्न नपाउने अवस्था आएको छ । फिफा र एएफसीबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगसमेत रोकिएको छ ।

# क्यालेन्डरमा नेपाल ई-स्पोर्ट्स लिग




**काठमाडौं/मस-** ई-स्पोर्ट्स संघ नेपाल (इशान)ले वार्षिक इभेन्ट क्यालेन्डर सार्वजनिक गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमलाई समावेश गर्दै इशानले वार्षिक इभेन्ट क्यालेन्डर सार्वजनिक गरेको हो ।

आइतबार सार्वजनिक गरिएको कार्यक्रममा लिग ढाँचाको नेपाल ई-स्पोर्ट्स लिगको घोषणा गरिएको छ । करिब तीन महिना चल्ने लिग समय तालिका राखेर संघले ई-स्पोर्ट्सको लिग प्रतियोगिताको घोषणा गरेको हो । यस्तै पब्जी मोबाइल ग्लोबल ओपन साउथ एसियन च्याम्पियनसिप भदौ ३१ गतेदेखि असोज ३ गतेसम्म सञ्चालन हुने तालिकामा रहेको छ । दशौं राष्ट्रिय खेलकुदलाई समेत ई-स्पोर्ट्सको क्यालेन्डरमा समावेश गरिएको छ । राष्ट्रिय खेलकुद प्रतियोगितामा पहिलो पटक ई-स्पोर्ट्स खेललाई आधिकारिक खेलको रुपमा समावेश गरिएको छ ।

यस्तै पुसमा इन्टर कलेज च्याम्पियनसिप र माघदेखि चैतसम्म नेपाल ई-स्पोर्ट्स लिगको समय तालिका राखिएको छ । संघका सचिव आशिष दाहालले वर्षभरी ई-स्पोर्ट्स गतिविधिलाई सञ्चालन गर्ने उद्देश्यका साथ क्यालेन्डरमा समावेश गरिएको बताए । 'नेपालको ई-स्पोर्ट्सलाई व्यावसायिक र व्यवस्थित बनाउने उद्देश्यसहित लिग संरचनाको प्रतियोगिता घोषणा गरेका छौं । यसले नेपालको ई-स्पोर्ट्समा नयाँ आयाम थप्ने विश्वास संघले लिएको छ,' सचिव दाहालले भने ।

# दीपेशको कप्तानीमा क्यारिङटनले जित्यो अन्डर-१५ राष्ट्रिय उपाधि

**लन्डन/मस-** क्रिकेटको प्रतिष्ठित मैदान लर्ड्समा नेपाली मूलका १५ वर्षीय दीपेश सापकोटाको कप्तानीमा क्यारिङटन क्रिकेट क्लबले इसिबी भाइटिलिटी अन्डर-१५ क्लब नेसनल कपको उपाधि जितेको छ ।

फाइनलमा क्यारिङटनले ६४ रनको सामान्य योगफल बनाए पनि दिपेशको उत्कृष्ट बलिङ र फिल्डिङले टोलीलाई जित दिलायो । उनले ४ ओभरमा २ मेडनसहित मात्र ५ रन खर्चेर २ विकेट लिए भने एक खेलाडीलाई रनआउट पनि गरे । निर्णायक प्रदर्शन गरेका दीपेश 'म्यान अफ द सिरिज' घोषित भए ।

गुल्मी मूलका दीपेश बेलायतमा हुर्किएका हुन् । उनले नटिङ्हमसायर काउन्टीको युवा संरचनाबाट क्रिकेट विकास गर्दै आएका छन् । १४ वर्षकै उमेरमा नटिङ्हमसायर एकेडेमीमा छनोट भएका उनले भारतको वानखेडे स्टेडियममा समेत खेल्ने अवसर पाइसकेका छन् ।

दीपेशको सफलताले नेपाली मूलको दोस्रो पुस्ता फुटबल, क्रिकेटलगायत खेलकुद तथा शिक्षा, व्यवसाय, प्रविधि र अन्य क्षेत्रमा विश्वस्तरमा अघि बढिरहेको सन्देश दिएको छ । यस्ता अन्तर्राष्ट्रिय उपलब्धिले नेपाली युवाको प्रतिभालाई विश्वसामु चिनाउनुका साथै नेपालको सकारात्मक पहिचान र देशको विश्वव्यापी प्रवर्धनमा समेत योगदान पुऱ्याउने विश्वास गरिएको छ । ऐतिहासिक लर्ड्स मैदानमा दीपेशलाई हौसला दिन १६० भन्दा बढी बेलायतवासी नेपाली तथा एनआरएनहरू उपस्थित थिए ।


## निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

